सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २१४ सोमबार, ५ असोज २०८३ | SOURYA NATIONAL DAILY | Monday, 21 September 2026 | पृष्ठ : ८ मूल्य रु. ५

एमाले पुनर्गठन विवाद

गल्यो कार्यदल, ओलीले पद छाड्नु नपर्ने

राष्ट्रिय प्रतिनिधि परिषद् बैठक र विधान महाधिवेशन बोलाइने

■ विक्रम रत्न

काठमाडौं । एमाले पुनर्गठन बहसको लामो रस्साकस्सीपछि अन्ततः एमालेको अध्यक्षमा तत्कालका लागि केपी शर्मा ओलीको विकल्प नखोजिने भएको छ । गत २१ फागुनमा भएको प्रतिनिधिसभा चुनावमा एमालेको हारको नैतिक जिम्मेवारी अध्यक्षले लिनुपर्ने र जेनजी आन्दोलनको मर्मअनुरूप पुस्तान्तरणसहित नेतृत्व हस्तान्तरण हुनुपर्ने माग एमालेभित्र उठेको थियो ।

पार्टी पुनर्गठनको तीव्र दबाब परेसँगै एमाले सचिवालयको गत १० जेठको बैठकले उपाध्यक्ष रामबहादुर थापा बादलको संयोजकत्वमा १५ सदस्यीय निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदल गठन गरेको थियो ।

> अन्ततः अध्यक्ष ओलीको मार्गप्रशस्तीको विषय हटाएर प्रतिवेदन साझा बनाइएको कार्यदल सदस्यहरुले बताएका छन् । आइतबार साँझ बसेको सचिवालय बैठकले बुझेको प्रतिवेदन छलफलका लागि आज सुरु हुने केन्द्रीय कमिटी बैठकमा लगिने भएको छ



कार्यदललाई चुनावी हारको कारणसहितको समीक्षा र त्यसको जगमा पार्टीलाई वैचारिक, राजनीतिक र सांगठनिक रूपमा एकताबद्ध बनाउन पार्टी शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणसहितको पार्टी पुनर्गठनको कार्ययोजना तयार पार्ने जिम्मेवारी दिइएको थियो । तर, पार्टीका महासचिवसमेत रहेका कार्यदलका सदस्यसचिव शंकर पोखरेलले तयार पारेको मसौदा प्रतिवेदनमा पार्टी हारको मुख्य जिम्मेवारी पार्टी नेतृत्वको हुने भन्दै नैतिक जिम्मेवारी लिएर मार्गप्रशस्त गर्ने गरी सुझाव तथा सिफारिस गरेसँगै यो विषय पेचिलो बनेको थियो ।

काउन्टरमा कार्यदल संयोजक थापाले अध्यक्ष ओलीको विकल्प खोज्न नहुने भन्दै प्रतिवेदन ल्याएका थिए भने एमाले केन्द्रीय सदस्य प्रदीप ज्ञवालीले पनि ओलीलाई मात्रै दोष देखाएर जिम्मेवारीबाट हटाउनु नहुने आशयको तेस्रो प्रतिवेदन ल्याएका छन् ।

अन्ततः अध्यक्ष ओलीको मार्गप्रशस्तीको विषय हटाएर प्रतिवेदन साझा बनाइएको कार्यदल सदस्यहरूले बताएका छन् । आइतबार सहमतिमा साझा प्रतिवेदन बनाएसँगै साँझ बसेको सचिवालय बैठकले प्रतिवेदन बुझेको छ । सो प्रतिवेदन छलफलका लागि आज सुरु हुने केन्द्रीय कमिटी बैठकमा लगिने भएको छ ।

पुनर्गठन कार्यदल सदस्य लीलानाथ श्रेष्ठले अध्यक्ष ओलीको विकल्प नखोज्ने गरी कार्यदलले प्रतिवेदन पारित गरेको बताए । कार्यदलले १३ क्लस्टरमा लिएको सुझावलाई भने प्रतिवेदनमा जस्ताको तस्तै राख्ने सहमति जुटेको उनले बताए । 'अध्यक्षबाट ओलीलाई हटाउने भन्ने कुरा छैन । पुनर्गठन भनेको अध्यक्षलाई मात्रै हटाउने भन्ने पनि होइन । आगामी महाधिवेशनसम्म ओलीको निरन्तरता हुन्छ,' उनले भने ।

ओलीसँग गल्यो कार्यदल

कार्यदल गठन भएदेखि नै अध्यक्ष ओलीले पार्टी पुनर्गठन नहुने, तर पुनर्जागरण हुने भन्दै अध्यक्ष हटाउने गरी प्रतिवेदन नल्याउन सार्वजनिक रूपमै चेतावनी दिँदै आएका थिए । कार्यदल संयोजक थापालाई पनि उनले आफूअनुकूलको प्रतिवेदन बनाउन निर्देशन दिएका थिए । तर, महासचिव पोखरेलले उनको प्रतिकूल हुने गरी प्रस्ताव तयार पारेपछि थापामार्फत उक्त प्रतिवेदन सच्याउन ओलीको जोडबल थियो ।

थापामार्फत अध्यक्ष ओलीले कार्यदलमा छुट्टै प्रतिवेदन पेस गरी आफ्नो औचित्य पुष्टि गर्ने प्रयास पनि गरेका थिए । ती २ प्रतिवेदनबाट साझा सहमतिमा पुग्ने अवस्था नभएपछि परिस्थिति थप गिजोल्न उनले केन्द्रीय सदस्य प्रदीप ज्ञवालीमार्फत तेस्रो प्रतिवेदन कार्यदललाई पठाएर एकपछि अर्को काउन्टर दिएका थिए । कार्यदलले आफ्नो प्रतिकूल हुने गरी प्रतिवेदन ल्याए केन्द्रीय कमिटीमा गएर फेल गराउने भन्दै उनले धम्की दिँदै आएका थिए ।

ओलीको धम्की र अवरोधका बीच कार्यदल सदस्यहरू गल्दै पुनर्गठनको मूल विषय हटाउँदै प्रतिवेदन बनाउन बाध्य भएका छन् । यद्यपि पार्टी हारको जिम्मेवारी केपी ओलीकै भएको कुरामा पछि नहटिएको कार्यदल सदस्य दामोदर भण्डारी बताउँछन् ।

ओलीले पद छाड्न नचाहेपछि जबरजस्ती गर्न पनि नसकिएको उनको भनाइ छ । 'पार्टी हारको जिम्मेवारी नेतृत्वको भएकाले अध्यक्षले नै लिनुपर्छ भन्ने कुरा कायमै छ । उहाँले नैतिक जिम्मेवारी लिएर राजीनामा दिनुपर्थ्यो, तर मान्नुभएन,' उनले भने, 'उहाँले नछाडेपछि हटाउन बाध्य पार्ने गरी कुनै गतिविधि नगर्ने सहमति भएको छ । पार्टीलाई अप्ठ्यारो परेका बेला नेतृत्व परिवर्तन नगर्ने भनिएको छ ।'

राष्ट्रिय प्रतिनिधि परिषद् बैठक र विधान महाधिवेशन बोलाउने सहमति

ओलीलाई हटाउन नसकेपछि पुनर्गठन पक्षधरले राखेका दुइटा माग पूरा गर्न भने अध्यक्ष ओली पनि तयार भएका छन् । राष्ट्रिय प्रतिनिधि परिषद् बैठक र विधान महाधिवेशन बोलाउने माग पूरा गर्न ओली तयार भएपछि उक्त विषय पनि प्रतिवेदनमा समेटिएको छ । पार्टीको संरचनात्मक, संगठनात्मक र नीतिगत विषय राष्ट्रिय प्रतिनिधि परिषद् बैठक र विधान महाधिवेशनबाट टुंगो लगाउने सहमति भएको कार्यदल सदस्य भण्डारीले जानकारी दिए । उनका अनुसार आज सुरु हुने केन्द्रीय कमिटी बैठकले परिषद् बैठक र विधान महाधिवेशनको मिति तोक्नेछ ।

यस अंकमा

उपत्यकामा साझा यातायातको रात्रिकालीन सेवा विस्तार



पृष्ठ २

सई हत्याका मुख्य अभियुक्त २२ महिनापछि पक्राउ



पृष्ठ ३

मानवीय क्षति शून्य बनाउनु पर्छ : ई. श्रीराम न्यौपाने



अन्तर्वार्ता

पृष्ठ ५

फोहोरमैलासम्बन्धी विधेयक संसद्मा

फोहोर व्यवस्थापनमा अवरोध गरे फौजदारी मुद्दा लाग्न सक्ने



■ कृष्ण उप्रेती

काठमाडौं । फोहोरमैला व्यवस्थापनको जिम्मेवारी अब स्थानीय तहमा मात्रै सीमित नराखी संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट बाँडफाँट गर्ने प्रस्तावसहितको विधेयक संसद्मा पुगेको छ ।

फोहोरमैला व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकले फोहोर उठाउने र थुपार्ने अहिलेको व्यवस्थाभन्दा अघि बढेर फोहोरको स्रोतमै (घरमै) वर्गीकरण गर्नेदेखि फोहोरलाई पुनः प्रयोग गरी ऊर्जा तथा मल उत्पादनसम्मको व्यवस्था गरेको छ ।

विधेयकले संघ सरकारले नीति र मापदण्ड बनाउने, डाटाबेस राख्ने, प्रविधि भित्र्याउने तथा तल्ला सरकारलाई उपलब्ध गराउने जिम्मेवारी दिएको छ । प्रदेश सरकारले स्थानीय तहहरूसँग समन्वय गरेर प्रशोधन पूर्वाधारमा सहयोग गर्नुपर्नेछ भने स्थानीय तहहरूले संकलन र प्रशोधनको मुख्य काम गर्नुपर्नेछ ।

फोहोर संकलन तथा प्रशोधनमा निजी क्षेत्रलाई प्रतिस्पर्धाबाट प्रवेश गराउने पनि विधेयकमा व्यवस्था छ । विधेयकमा फोहोरबाट मल तथा ऊर्जा उत्पादनलाई प्रोत्साहन गरिने भनिएको छ । विशेषतः प्रशोधन केन्द्र स्थापनापछि प्रभावित हुने क्षेत्रलाई आम्दानीको ठुलो हिस्सा दिने र फोहोर व्यवस्थापनमा संलग्न श्रमिकलाई सामाजिक सुरक्षामा जोड्ने जस्ता व्यवस्थासमेत विधेयकमा छन् ।

करिब ३ महिनासम्म विभिन्न सरोकारवाला निकायको सुझाव तथा प्रस्तावलाई अध्ययन गरेर तयार पारिएको उक्त विधेयक कानुन बनेपछि अहिलेका धेरै समस्या समाधान हुने फोहोरमैला व्यवस्थापन संघका पूर्वअध्यक्ष धनप्रसाद आचार्यको दाबी छ । 'विधेयकमा तीनै तहका सरकारको भूमिका स्पष्ट छ, निजी क्षेत्रलाई पनि समेटेको छ भने नागरिकको कर्तव्य पनि विधेयकमै राखिएको छ,' आचार्यले भने, 'अब कार्यान्यनमा लैजान सके फोहोर व्यवस्थापनको ठाउको दुखाइ अन्त्य हुन सक्छ ।'

> विधेयकमा ३ तहका सरकारको अधिकार स्पष्ट पार्दै सरकारहरुको दायित्व र नागरिक कर्तव्य स्पष्ट पारिएको छ भने फोहोर व्यवस्थापनमा लापरबाहीको कसुर र सजाय तोक्दै ५०० देखि १० लाख रुपैयाँसम्म जरिमाना र फौजदारी मुद्दा पनि चलाउन सक्ने व्यवस्था गरिएको छ

फोहोर संकलन तथा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीलाई आर्थिक सहयोगसमेत दिन सकिने प्रस्ताव पनि विधेयकमा छ ।

विधेयकले नागरिकलाई घरमै फोहोर छुट्याउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । विधेयकले कानुनको रूप लिएपछि फोहोरलाई जोखिमयुक्त, कुहिने र नकुहिने गरी वर्गीकरण गर्ने दायित्व नागरिककै हुनेछ ।

फोहोर उत्पादन गर्ने प्रतिष्ठानहरूलाई कम फोहोर उत्पादन गर्न प्रोत्साहित गर्नेदेखि जोखिमयुक्त फोहोरको व्यवस्थापन आफैं गर्नुपर्ने दायित्व तोकिएको छ । अस्पताल वा उद्योग खोल्नुअघि नै फोहोर व्यवस्थापन योजना पेस गर्नुपर्ने व्यवस्था पनि समावेश गरिएको छ ।

विधेयकअनुसार स्थानीय तहले ऐन प्रारम्भ भएको ६ महिनाभित्र कम्तीमा ५ रोपनीको स्थानान्तरण केन्द्र र कम्तीमा ५० रोपनीको प्रशोधन केन्द्र स्थापना गर्नुपर्नेछ । ▸▸▸ बाँकी पृष्ठ ६

पूर्णबहादुरलाई घाँडो भयो आफैंले हालेको मुद्दा

संस्थापनमा जान हतारो, छिट्टै फैसला गरिदिन सर्वोच्च अदालतलाई आग्रह

■ सौर्य समाचार

काठमाडौं । कांग्रेस संस्थापनले वडा अधिवेशन सम्पन्न गरेर महाधिवेशनको बाँकी कार्यभारतर्फ लम्किँदै गर्दा संस्थापन इतर समूहको रुवाबासी भने कायमै रहेको छ । इतर समूहका नेताहरू एकातिर एकताका लागि तयार नभएको भन्दै सभापति गगन थापालाई आरोप लगाइहेका छन् भने अर्कातर्फ छुट्टै महाधिवेशनको कार्यतालिका बनाएर इतर समूह अघि बढेको छ ।

देउवा समूहबाट अलग्गिएर आफ्नो समूहलाई संस्थापनमा गाभेका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का आफू भने सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका कारण संस्थापनमा जान नपाएकामा थकथकाएर बसेका छन् । विशेष महाधिवेशनको वैधानिकता नभएको भन्दै निर्वाचन आयोगदेखि सर्वोच्च अदालतसम्म मुद्दा गर्ने उनै हुन् । गगन थापा नेतृत्वको कांग्रेसले आधिकारिकता पाएपछि पनि मुद्दा पुनरवलोकनका लागि उनले सर्वोच्च अदालतमा निवेदन दिएका छन् । मुद्दाको अन्तिम किनारा लाग्न बाँकी भएका कारण उनी भने नैतिक दबाबका कारण संस्थापनले शनिबार र आइतबार गरेको वडा अधिवेशनमा छुटेका हुन् । संस्थापनमा खुल्ने हतारोले उनले सर्वोच्च अदालतलाई मुद्दा छिट्टै टुंग्याइदिन आग्रहसमेत गरेका छन् ।

उनले आइतबार सामाजिक सञ्जालमार्फत आफूले



कांग्रेस महाधिवेशनको कुनै पनि प्रक्रियामा भाग नलिएको स्पष्ट पारेका छन् । महाधिवेशनमा भाग लिनु चरम अनैतिक काम हुने भन्दै महाविधेशनमा सहभागी नभएको उनको स्पष्टोक्ति छ ।

खड्काले कुनै चमत्कार नभए पार्टी विभाजनको अन्तिम डिलमा पुगेको पनि बताएका छन् । 'यदि कुनै चमत्कार भएन भने नेपाली कांग्रेस पार्टी विभाजनको अन्तिम डिलमा पुगेको अवस्था छ,' उनले भने, 'हामी सम्भावित विभाजनलाई रोक्न अन्तिम प्रयास गरिरहेका छौं ।' उनले फेसबुकमा मुद्दाको छिनोफानो छिटो गरिदिन पनि सर्वोच्च अदालतलाई आग्रह गरेका छन् । ▸▸▸ बाँकी पृष्ठ ६

७३ जिल्लामा वडा अधिवेशन सम्पन्न, ४ जिल्लामा बाँकी

कांग्रेसले ६ हजार १३२ वडामा वडा अधिवेशन सम्पन्न गरेको छ । शनिबार सुरु भएको अधिवेशन पहिलो दिन ४३ जिल्लाका ३ हजार ३९६ वडामा सम्पन्न भएको थियो । बाँकी वडामा आइतबार अधिवेशन भएको हो । यद्यपि ४ जिल्लाका केही वडामा भने अधिवेशन गर्न बाँकी रहेको कांग्रेस केन्द्रीय निर्वाचन आयोगले जानकारी दिएको छ ।

आइतबार ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बू, ओखलढुंगा, उदयपुर र झापामा वडा अधिवेशन सम्पन्न भएको छ । त्यसैगरी मोरङमा क्षेत्र नं. ६ बाहेकका वडामा, सुनसरी, सप्तरीमा क्षेत्र नं. २ र ४ बाहेकका वडामा, धनुषा, महोत्तरी, सर्लाहीमा क्षेत्र नं. २ बाहेकका वडामा र रौतहटमा क्षेत्र नं. १ बाहेकका वडामा निर्वाचन सम्पन्न भएको केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए ।

त्यसैगरी बारा, पर्सा, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर, काठमाडौं, गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, वागलुङ, नवलपुर र परासी जिल्लामा क्षेत्र नं. २ बाहेकका जिल्लामा अधिवेशन सम्पन्न भएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

असोज दोस्रो साता भारी वर्षाको चर्चा, हल्ला कि वास्तविकता ?

मौसम विभाग भन्छ– प्रणाली विकसित हुँदै छ, जोखिमबारे अहिले नै यकिन छैन

■ सौर्य समाचार

काठमाडौं । असोज ८ देखि १२ गतेसम्म नेपालमा ठुलो तथा अत्यधिक वर्षा हुन सक्ने भन्दै मौसमी नक्सा र पूर्वानुमानहरू सार्वजनिक भइरहेका बेला जल तथा मौसम विज्ञान विभागले भने अहिले नै त्यस्तो वर्षाको मात्रा र जोखिमबारे निश्चित निष्कर्ष निकाल्न सकिने अवस्था नरहेको जनाएको छ ।

विभागले आइतबार जारी गरेको सूचनाअनुसार बंगालको खाडीमा विकसित भइरहेको न्यूनचापीय प्रणाली क्रमशः बलियो बन्दै पश्चिम-उत्तरपश्चिमतर्फ सर्दै जाने देखिएको बताएको छ । उपलब्ध मौसम मोडल र भू-उपग्रहबाट प्राप्त तस्बिरका आधारमा प्रणालीको निरन्तर निगरानी गरिरहेको विभागले जनाएको छ । सूचनामा प्रणाली असोज ७ गते आसपास 'डिप्रेसन' अर्थात् न्यूनचापीय क्षेत्रभन्दा बलियो प्रणालीका रूपमा विकसित हुन सक्ने र त्यसपछि दक्षिण ओडिसा-उत्तर आन्ध्र प्रदेशको तटीय क्षेत्र नजिकबाट जमिनतर्फ प्रवेश गर्ने देखिएको उल्लेख छ ।

तर, यही प्रणालीका कारण नेपालमा कति वर्षा हुन्छ, कुन क्षेत्रमा बढी हुन्छ र जोखिमको स्तर कस्तो रहन्छ भन्ने कुरा अहिले नै निश्चित गर्न नसकिने विभागले जनाएको छ । ▸▸▸ बाँकी पृष्ठ ६



उपत्यकामा साझा यातायातको रात्रिकालीन सेवा विस्तार

९ स्थानीय तहको सहकार्यबाट ६ रुटमा ३० विद्युतीय बस सञ्चालन

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं उपत्यकामा रात्रिकालीन बस सेवा सञ्चालन गर्न ९ स्थानीय तह एउटै कार्यक्रममा आबद्ध भएका छन् । काठमाडौं महानगरपालिकाको नेतृत्वमा साझा यातायातसँग सहकार्य गरेर गत १ वैशाखदेखि परीक्षणका रूपमा सञ्चालन गरिएको रात्रिकालीन यातायात सेवालाई विस्तार गरेर अगाडि बढाउन आवश्यकताका आधारमा दायित्व बहन गर्नेगरी स्थानीय तह साझा कार्यक्रममा आबद्ध भएका हुन् । रातको समयमा आवतजावत गर्ने सर्वसाधारण, व्यवसायी, उद्यमी, श्रमिक, अस्पताल जाने बिरामी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउने यसको उद्देश्यसहित संविधान दिवसको दिन पारेर स्थानीय तहका प्रमुखहरूले साझा यातायातसँग समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

काठमाडौं महानगर र ललितपुर महानगरपालिका तथा बुढानीलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, चन्द्रागिरी नगरपालिका, कीर्तिपुर नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिकाले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । साझा यातायातका तर्फबाट अध्यक्ष सुशीलराज प्याकुरेलले हस्ताक्षर गरेका छन् । साझा यातायातको कार्यालयमा आयोजना गरिएको समारोहमा हस्ताक्षर गरिएको हो । त्यसलगत्तै ६ वटा रुटका लागि ३० वटा बस सञ्चालन थालिएको थियो ।

समारोहमा काठमाडौं महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलले संविधानले नागरिकका लागि प्रत्याभूत गरेका आधारभूत आवश्यकताको पहुँच बढाउँदै जाने क्रममा रात्रिकालीन बस सेवालाई थप विकास र विस्तार गर्दै लगिएको बताए । उनले भनिन्, 'परीक्षण कालमा अभ्यास गरिएको २ वटा रुटमा ४ वटा थपेका छौं । ७ वडा गाडीलाई ३० वटा पुऱ्याएका छौं । ४ वटा नगरपालिकाको सहकार्यमा ९ वटा पुगेका छौं । यसलाई अझ विस्तार गर्ने र आवश्यकताका आधारमा आर्थिक दायित्व पनि वहन गर्ने गरी सहकार्य थालेका छौं । अब यो सेवा रोकिँदैन । निरन्तर र दिगो रूपमा चल्छ ।'

कार्यक्रममा ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले भने, 'उपत्यकावासीको यातायात सहजताका लागि संघ सरकारबाट मेट्रो सञ्चालन गर्ने विषयमा योजना ल्याउनुपर्ने थियो । त्यो अहिले आएको देखिएन । मेट्रो



नभएपछि बिआरटी (बस च्यापिड ट्रान्जिट) हुनुपर्थ्यो । त्यसको पनि केही संकेत छैन । संघीय सरकारबाट केही आएन भनेर हामीले चुप लाग्ने अवस्था छैन । यसकारण स्थानीयस्तरमा सञ्चालनमा ल्याउन सकिने प्रणालीमा सहकार्य थालेका छौं । यसलाई विकास र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिनेछौं ।'

विस्तारित सेवाअन्तर्गत जगाती-सूर्यविनायक हुँदै ठमेलसम्म ६, साविक लगनखेल-बुढानीलकण्ठलाई विस्तार गरी गोदावरीसम्म ६, रिङरोडमा घडीको दिशामा र विपरीत दिशामा ८, कीर्तिपुर-जमलमा ४, टाखेल-ठमेलमा २ तथा साविक नागढुंगा-एयरपोर्ट रुटमा ४ वटा बस सञ्चालन गरिनेछ ।

यसअघि लगनखेलबाट बुढानीलकण्ठ तथा नागढुंगाबाट एयरपोर्टसम्म राति ८ बजेदेखि ११ बजेसम्म ७ वटा बसमार्फत नमुना सेवा सञ्चालन गरिएको थियो । सेवाको प्रभाव तथा मूल्यांकन, लाभलागत विश्लेषणका आधारमा नाफाघाटाभन्दा सेवा ठुलो विषय भएको निष्कर्ष निकालिएको थियो ।

रात्रिकालीन बस सञ्चालनमा लाग्ने खर्च यात्रुबाट प्राप्त हुने टिकट आम्दानीले धान्न नसकेमा त्यसबाट अपुग हुने रकमको ५० प्रतिशत सम्बन्धित ७ वटा नगरपालिकाले समान रूपमा बेहोर्ने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको जनसंख्याका आधारमा काठमाडौं महानगरले १८.५५ प्रतिशत, ललितपुर महानगरले १८.५५ प्रतिशत तथा अन्य ७ नगरपालिकाले ९ प्रतिशतका दरले बेहोर्ने सहमति गरिएको छ । सेवा सञ्चालन गर्न खर्च नपुग भए साझा यातायातले त्रैमासिक रूपमा माग गर्ने सहमतिमा उल्लेख छ ।

रुटमा यात्रु चढ्ने तथा ओर्लने स्थान सम्बन्धित नगरपालिकाले निर्धारण गर्नेछन् । ती स्थानमा आर्थिक वर्ष २०८३/०८४ भित्र डिजिटल साइनेज बोर्ड जडान गरी डिजिटल बस स्टप निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी साझा यातायातलाई दिइएको छ । सम्बन्धित नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् । निर्धारित रुटको अन्तिम बिन्दुमा बस चार्जिङ स्टेसन निर्माणका लागि सम्बन्धित नगरपालिकाले आवश्यक जग्गा उपलब्ध गराउने र साझा यातायातले चार्जिङ स्टेसन जडान गर्ने दायित्व लिनेछ । चार्जिङ स्टेसनको सुरक्षाको जिम्मेवारी सम्बन्धित नगरपालिकाले लिनेछन् ।

सहमतिले यात्रुको चाप र आवश्यकता बढ्दै गएमा भविष्यमा अन्य क्षेत्रमा समेत यस प्रकारको बस सेवा विस्तार गर्ने बाटो खुला गरेको छ । चक्रपथमा यातायात सेवा प्राप्त भएपछि एक ठाउँमा बस परिवर्तन गर्दा सञ्चालन गरेका हरेक ठाउँमा पुग्न सकिनेछ । यसरी यात्रा गर्दा अधिकतम ८० रुपैयाँ भाडा लाग्नेछ । टिकटबाट हुने आर्थिक चुहावट रोक्न साझाले यही १ असोजदेखि डिजिटल टिकेटिङ प्रणाली विकास गरेको छ । यसमा क्युआरबाट वा क्यास नै दिएर पनि टिकट लिन सकिनेछ । आर्थिक चुहावट रोकिएपछि साझाको घाटा रकम कम हुने अपेक्षा छ । साझा यातायातमा नेपाल सरकारको ३ अर्ब, काठमाडौं महानगरको १५ करोड रुपैयाँ सेयर लगानी छ । अहिले साझा यातायातमा १११ वटा बस छन् ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिराहा
मधेश प्रदेश, नेपाल

सेवा करार सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०६।०५ गते)

यस धनगढीमाई नगरपालिकामा आ.ब.२०८३।०८४ का लागि तपसिलका पदहरूमा देहायको संख्या र योग्यता भएको (आ.ब.२०८३।०८४ को संघीय अनुदानबाट) कर्मचारी सेवा करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त बापतको दस्तुर रकम रु.१,०००/- तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट https://dhangadhimaimun.gov.np/ne बाट उपलब्ध हुनेछ ।

शैक्षिक योग्यता र अनुभवः

विज्ञापन नं.	सेवा करारमा लिने पद/तह	न्यूनतम शैक्षिक योग्यता	कैफियत
२०८३।०८४/०१	पशु चिकित्सक	मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।	
२०८३।०८४/०२	कृषि स्नातक	मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।	
२०८३।०८४/०३	जनस्वास्थ्य अधिकृत (साँतौं तह)	मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।	

आवेदन साथ उम्मेदवारले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, समकक्षता आवश्यक भएमा सो को प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

विस्तृत जानकारीका लागिः कार्यालयको वेवसाइटः https://dhangadhimaimun.gov.np/ne

Thaha Municipality
थाहा नगरपालिका
Office of the Municipal Executive
Indrayanichaur, Makawanpur

Invitation for Sealed Quotation

Date of publication: 21/09/2026 (05/06/2083)

1. Due to the technical issues in the e-GP system and notice issued by the public procurement Monitoring office (PPMO), Thaha Municipality office invites offline sealed quotation from eligible bidders for the below mentioned goods.
2. Interested and eligible bidders shall apply, copy of firm/company registration certificate and proof of payment of the non-refundable bid document fee to this office, and thereafter purchase the bidding documents and submit their sealed hard copy bids within the prescribed time.

S. N.	Contract identification No.	Description	Bid Security Amount (NRs)	Bid Validity Period /Bid Security Vality Period	Bid Document fee (NRs)
1.	LOC/NCB/Goods/ SEQ/STN-02-2083/84	Procurement, supply and delivery of stationery items	35,000/-	45 Days/75 Days from last date of bid submission	1,000/-

Information to deposit the cost of bidding Document in the following specified Bank:		The following details shall applyregarding the purchase submission of bids:	
Name of Bank	Agricultural Development Bank Ltd	Last Date of Bid Submission	Date of Bid Opening
Name of Office	Thaha Municipality office, makwanpur		
Office Code No.	80332401300		
Office Revenue Account No.	0508401155738121	28/09/2026 (2083/06/12) 12:00 hours	28/09/2026 (2083/06/12) 13:00 hours
Revenue shirshak No.	14249		
Account Name	THAHA MUNICIAPLITY GA 1.1 INTERNAL REVENUE		

3. Information to deposit the cost of the bid Security amount in the Bank:

Account Name	**THAHA MUNICIPALITY GA 3.1 LOCAL LEVEL DEPOSIT**
Name of Bank	**Agricultural Development Bank Ltd.**
Deposit Account No.	**0508401155738030**
Office Code No.	**80332401300**

4. Any Condition so far not covered shall be as per Public Procurement Act 2063 (as amended by public procurement (Second Amendment Act 2083) and (as amended by public procurement (Sixteenth Amendment) Regulation, 2083), Any amendment to this Tender Notice shall be published on the official website of Thaha municipality.
5. For Further information, visit Thaha municipality office, Indrayanichaur Makawanpur or contact to 057400056 / thahaminicipality@gmail.com.
6. The employer has a right to accept or reject the bid whatsoever.

Chief Administrative Officer

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना ५ गते सोमवार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यापारीक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण		
नाम : **आरभ ट्रेडर्स**	प्रोप्राइटरको नाम : सन्तोस कुमार उपाध्याय	प्रा.फ.र.नं. : ३०७७७
दर्ता गर्ने कार्यालय : वाणीज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा	रुपन्देही दर्ता मिति : २०७०/०४/०१	
फर्मको ठेगाना : रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ६	स्थायी लेखा नं. : ६०४०५९१०५	

प्रोप्राइटरको विवरण
रामधनि उपाध्यायको नाति चिनक प्रसाद उपाध्यायको छोरा रुपन्देही जिल्ला गोनाह वडा नं. ७ हाल, सि.न.पा. वडा नं. ६ बस्ने **सन्तोष कुमार उपाध्याय** (ना.प्र.नं. : ५/९९४ जारी मिति : २०५३/०४/१५ जारी गर्ने जिल्ला : रुपन्देही)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) रामधनि उपाध्यायको बुहारी चिनक प्रसाद उपाध्यायको पत्नि रुपन्देही जिल्ला लुम्बिनी आर्दश वडा नं. २ हाल, सि.न.पा. वडा नं. ६ बस्ने **ईन्दीरा देवी उपाध्याय** (ना.प्र.नं. : ७२९२७ जारी मिति : २०४१/४/१९, रुपन्देही)
२) गुणाखर झवालीको नाति ठाकुर प्रसाद झवालीको छोरा रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ५ हाल, ओमसतिया गा.पा. वडा नं. ४ बस्ने **माधव प्रसाद झवाली** (ना.प्र.नं. : ५५६० जारी मिति : २०४४/०५/०९, रुपन्देही)
३) चिनक प्रसाद उपाध्यायको बुहारी सन्तोष कुमार उपाध्यायको पत्नी रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ६ बस्ने **विद्या शर्मा उपाध्याय** (ना.प्र.नं. : ३६२०२७/४९४ जारी मिति : २०६६/०८/२२, रुपन्देही)
यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण : मिति २०८३/०१/१४ गतेको मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने मिति २०८३/०५/०५ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धतो लिलाम बिक्री सम्बन्धी २१ दिने
धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि)
इन्दिरा देवी उपाध्याय	रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६	१०४०२३७०३	२२	२७५.८५

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असोज महिना १९ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असोज महिना २० गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा पर्वत
गण्डकी प्रदेश, नेपाल

आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, बालुवाको संकलन उत्खनन् गरी बिक्री शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको प्रथम संशोधन सम्बन्धमा सूचना

प्रथम संशोधन मितिः २०८३/०६/०५

यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रथम पटक मितिः २०८३/०५/३१ गते प्रकाशित सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचनामा न्यूनतम दर तथा रकम कुश्मा नगरपालिकाको आर्थिक ऐन २०८३ अनुसार हुनेगरि आह्वान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक ऐन २०८३ अनुसार न्यूनतम दर तथा न्यूनतम रकम देहाय बमोजिम हुनेगरी संशोधन गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी अन्य विवरण तथा सम्पूर्ण सर्तहरु र प्रावधानहरु यथावत रहनेछन् ।

सूचना नं/ बोलपत्र नं	बगरको विवरण र स्थान	उत्खनन् हुने अधिकतम परिमाण (घन मि.)	न्यूनतम दर प्रति (घन फि.)	न्यूनतम रकम कर बाहेक	धरौटी रकम रु.	बोलपत्र फारम दस्तुर
Kus/ Revenue/ River/All/ 083/084	यस कुश्मा नगरपालिकाको क्षेत्र भएर बग्ने कालीगण्डकी तथा मोदीखोला बगर सबै IEE प्रतिवेदन अनुसार नदीजन्य निर्माण सामग्री (रोडा, ढुंगा, ग्राभेल, बालुवा) उत्खनन्, संकलन तथा बिक्री गर्ने	७१५७९	रू. ८.००	रू.२०२३०३५५.००	कर सहित कबोल अंकको ५%	५०००

प्रमुख प्रशासकीय अधिकृत

सई यादव हत्याका मुख्य अभियुक्त २२ महिनापछि पक्राउ

टुटिसकेको थियो परिवारको आशा, फेरि जाग्यो

■ सुरेश राय

सिरहा । 'हाम्रो आशा-भरोसा सबै टुटिसकेको थियो । भाइको हत्यामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गर्न सक्छ कि सक्दैन भन्ने लाग्न थालेको थियो । तर २२ महिनापछि मुख्य अभियुक्त पक्राउ परेपछि टुटिसकेको आशा फेरि जागेको छ ।' सशस्त्र प्रहरीका सहायक निरीक्षक (सई) लक्ष्मणप्रसाद यादवका दाइ पाण्डव यादवले मुख्य अभियुक्त पक्राउ परेपछि यस्तो प्रतिक्रिया दिए । मदिरा तस्करी रोक्ने क्रममा सई यादवको हत्या भएको २२ महिनापछि मुख्य अभियुक्त पक्राउ परेपछि परिवारमा न्यायको आशा फेरि जागेको हो ।

'मुख्य अभियुक्त पक्राउ परेको खबरले हामीलाई ठुलो राहत मिलेको छ,' पाण्डवले भने, 'अब घटनामा संलग्न अरू व्यक्तिलाई पनि पक्राउ गरेर हामीलाई न्याय दिनुपर्छ ।' यादवका सालो रञ्जित यादवले पनि मुख्य अभियुक्त पक्राउसँगै परिवारको न्यायप्रतिको आशा बलियो भएको बताए । 'नागरिक अन्यायमा पर्दा प्रहरीले सुरक्षा दिन्छ र अन्याय गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउँछ । तर प्रहरीको नै हत्या हुँदा नागरिक र प्रहरीबीचको विश्वासमा असर पर्न सक्छ,' उनले भने, '२२ महिनापछि मुख्य अभियुक्त पक्राउ पर्दा मरेजस्तै भएको हाम्रो आशा फेरि जागेको छ ।' उनले घटनामा संलग्न सबै व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन राज्यसँग आग्रह गरे ।

कसरी भएको थियो घटना ?

भारतबाट नेपालतर्फ मदिरा तस्करी भइरहेको सूचनाका आधारमा २०८१ मंसिर १६ बिहान करिब ३ बजे बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरीको टोली खटिएको थियो । बिओपी बडहरी बरियारपट्टीबाट सई यादवको नेतृत्वमा खटिएको टोलीले डिएल ५ सिजे ७१७१ नम्बरको टाटा सफारी रोक्न खोजेको थियो । प्रहरीका अनुसार गाडीका चालकले ड्युटीमा रहेका सई यादवलाई ठक्कर दिएर फरार भएका थिए ।

गम्भीर घाइते यादवको उपचारका क्रममा मृत्यु भएको थियो । घटनापछि गाडीमा सवार व्यक्तिहरू फरार भएका थिए । त्यसपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै संलग्न व्यक्तिहरूको खोजी गरिरहेको थियो ।



यसरी पक्राउ परे मुख्य अभियुक्त पक्राउ

घटनाको २२ महिनापछि प्रहरीले भारत बिहारको मधुवनी जिल्ला, ललबनियाँ थाना, घोडमोहना गाउँका ३७ वर्षीय मोहम्मद कुरवान मन्सुरीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार उनलाई शुक्रबार बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको हो । प्रहरीका अनुसार कुरवान घटनामा प्रयोग भएको टाटा सफारीका धनी तथा चालक हुन् । कुरवानसहित ३ जना सीमा क्षेत्रबाट भाग्न खोजेपछि इलाका प्रहरी कार्यालय महेशपुरपतारबाट प्रहरी निरीक्षक विशाल मल्लको कमान्डमा खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिन खोजेको थियो । त्यस क्रममा प्रहरीलाई लक्षित गरी १ राउन्ड गोली चलाइएको र जबाफी कारबाहीमा प्रहरीले ३ राउन्ड गोली चलाएको प्रहरीको भनाइ छ । प्रहरीको गोली लागेर कुरवानको बायाँ हातको कुहिना र दाहिने खुट्टाको घुँडामा चोट लागेको थियो । पक्राउ परेका कुरवानलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा ल्याइएको थियो । उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

फरार व्यक्तिलाई पनि चाँडै पक्राउ गछौं : एसपी पाठक

मुख्य अभियुक्त पक्राउपछि शनिबार जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रमुख प्रहरी उरीक्षक (एसपी) बासुदेव पाठक, सशस्त्र प्रहरीका एसपी सुमनजंग थापालगायत सुरक्षा निकायका अधिकारी यादवको घर पुगेका थिए । परिवारसँगको भेटमा उनीहरूले घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका थिए ।

एसपी पाठकले घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याएर पीडित परिवारलाई न्याय दिलाउन प्रहरी प्रतिबद्ध रहेको बताए । 'मुख्य अभियुक्तलाई प्रहरीले २२ महिनापछि पक्राउ गरिसकेको छ । घटनामा संलग्न अर्का १ जना अझै फरार छन् । उनको पनि खोजी भइरहेको छ, पाठकले भने, 'चाँडै पक्राउ गरी कानुनी दायरामा ल्याउँछौं र पीडित परिवारलाई न्याय दिलाउँछौं ।' मुख्य अभियुक्त पक्राउसँगै घटनाको अनुसन्धान थप अघि बढाएको र फरार रहेका अन्य व्यक्तिको पनि खोजी भइरहेको प्रहरीले जनाएको छ ।



भक्तपुर क्यान्सर अस्पतालमा पूर्वाधार अभाव : उपचारमै समस्या

■ सौर्य समाचार

काठमाडौं । भक्तपुरस्थित भक्तपुर क्यान्सर अस्पतालमा शय्या अभावले बिरामी उपचार सेवा नपाई फर्कनुपरेको छ । साँघुरो ठाउँमा अस्पताल सञ्चालन गर्नु परेकाले बिरामीलाई उपचार सेवा प्रवाह गर्न नसकेको अस्पतालले जनाएको छ । अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने बिरामीलाई शय्या अभावले फर्काउनुपरेको अस्पतालका निर्देशक डा.उज्ज्वल चालिसेले जानकारी दिए । उनले अस्पतालमा उपचारका सबै सेवा भए पनि शय्या अभावले बिरामीको उपचार गर्न नसकिएको बताए ।



'हामीसँग क्यान्सरको उपचारको सेवा सबै उपलब्ध छ,' निर्देशक डा.चालिसेले भने, 'तर बिरामी राख्ने ठाउँ नभएर उपचार दिन सकेका छैनौं ।' उनका अनुसार अस्पतालले दैनिक ३० क्यान्सरका बिरामीलाई उपचार सेवा दिनुपर्ने भए पनि शय्या अभावले समस्या भएको छ । तीमध्ये भर्ना गरेर क्यान्सरको उपचार गर्नुपर्ने १५ जना र १५ जना डे-केयरमा क्यान्सरको बिरामी रहेका छन् ।

शल्यक्रिया र रेडियसन गर्न २ हप्ता कुर्नुपर्ने बाध्यता रहेको छ । बिरामी उपचारका लागि कुर्नुपरेपछि महँगो उपचार गर्न निजी अस्पताल तथा भारत जान बाध्य भएका छन् । 'सेवा प्रभाव गर्ने क्षमता भए पनि हामीसँग पूर्वाधार छैन', कार्यकारी निर्देशक डा.चालिसेले भने, 'पूर्वाधार अभावले हामीले गरिबी विपन्न बिरामीको उपचार गर्न नपाएर फर्काइरहेका छौं । ती बिरामीले ऋण खोजेर निजी तथा भारतका अस्पतालमा उपचार गर्न जान बाध्य छन् ।'

अस्पतालमा क्यान्सर उपचारका लागि ९० प्रतिशत सुविधा भए पनि बिरामीलाई शय्या अभावले अयन्त्र पठाउनुपर्ने बाध्यता छ । नेपाल अर्बुद रोग निवारण संघले सञ्चालन गर्दै आएको उक्त अस्पताल २०७७ सालमा सरकारले विकास समितिअन्तर्गत ल्याएर सरकारी बनाएको हो । अहिले भक्तपुर अस्पतालको जग्गामा संघले बनाएको भौतिक पूर्वाधारमा अस्पतालले सञ्चालन भइरहेको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा.चालिसले सरकारसँग पटकपटक आग्रह गरेर अन्यत्र सारेर अस्पतालको क्षमता बढाउन माग गरे पनि सुनुवाइ नभएको बताए । 'सरकारले हामीलाई उपयुक्त ठाउँमा जग्गा उपलब्ध गराएर भवन बनाइदिएपछि दैनिक बिरामीलाई हामीले फिर्ता गर्नुपर्ने अवस्था आउने थिएन,' उनले भने, 'हामी उपचार गर्नसक्ने सक्षम भए पनि ठाउँ अभावले बिरामीको उपचार दिन नसकेकामा दुःख लाग्छ ।'

निर्देशक डा.चालिसेका अनुसार क्यान्सर अस्पतालका लागि भक्तपुरमा ३ ठाउँमा जग्गा हेरिएको छ । चाँगुनारायणको छालिङ, सूर्यविनायक र मूलपानीमा गरी ३ ठाउँ हेरे पनि जग्गा प्राप्त प्रक्रियाले अहिलेसममा जग्गा प्राप्ति भएको छैन । १६५ शय्याको अस्पतालमा दैनिक ७०० भन्दाबढी बिरामी उपचारका लागि आउने गर्छन् । यो संख्या गत वर्षभन्दा दोब्बर हो । 'अस्पतालको प्रदान गर्ने सेवा गुणस्तरीय भएर होला अहिले अस्पतालमा गत वर्षभन्दा दोब्बर बिरामी आउने गरेका छन्,' निर्देशक डा.चालिसेले भने, 'दोब्बर बिरामीलाई उपचार गर्न सक्षम भए पनि पूर्वाधारको कमी छ ।'

उपचारमा आएकामध्ये ८० प्रतिशत क्यान्सरका बिरामी हुन् । अस्पतालमा दैनिक ८ देखि १० जनासम्म शल्यक्रिया, ७० जना किमो चढाउनुपर्ने र १५० जनाको रेडियसन गर्नुपर्ने हुन्छ । अस्पताल साँघुरो ठाउँमा सञ्चालन गर्नुपरेकाले बिरामीलाई पनि सहज रूपमा उपचार दिन सकिएको छैन । 'यति सानो ठाउँमा क्यान्सरका बिरामीको उपचार गर्न मिल्दैन तैपनि हामीले बाध्य भएर साँघुरो ठाउँमा गुणस्तरीय सेवा दिएका छौं,' कार्यकारी निर्देशक डा.चालिसेले भने ।

मधेस सरकारद्वारा स्वास्थ्य सेवाको अस्थायी दरबन्दी स्वीकृत

■ सौर्य समाचार

जनकपुरधाम । मधेस प्रदेश सरकारले स्वास्थ्य सेवामा आवश्यक जनशक्ति व्यवस्थापन गर्न अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । प्रदेश सरकारको आइतबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील सेवा भएकाले मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको टुंगो नलागेसम्मका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो । हालका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिन स्वास्थ्य मन्त्रालयको प्रस्तावबमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको मधेस प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए ।

उनका अनुसार बैठकले प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरू र प्रदेशसभाका पदाधिकारी तथा सदस्यको निजी तथा स्वकीय सचिवालयमा रहेको विद्यमान संगठनात्मक संरचना र कर्मचारी संख्या पुनरवलोकनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ । सरकार प्रवक्ता भट्टराईका अनुसार सरकारले उक्त अध्ययन प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ । सचिवालयमा कार्यरत जनशक्तिलाई कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थित गर्दै सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग गर्ने उद्देश्यले उक्त निर्णय गरिएको उनले बताए ।

त्यस्तै बैठकले स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकास तथा सेवा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गर्न स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ संशोधनको विधेयक मस्यौदा प्रदेशसभाको आगामी अधिवेशनमा पेस गर्ने निर्णय गरेको उनले जानकारी दिए । स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा, सर्त, सुविधा तथा वृत्ति विकासका विषयलाई थप स्पष्ट, व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन विद्यमान कानुनी व्यवस्थाको पुनरवलोकन गरी आवश्यक सुधार गर्न लागिएको सरकारले जनाएको छ ।

मन्त्री भट्टराईका अनुसार स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको स्थायित्व, वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारी व्यवस्थापनमा देखिएका कानुनी र व्यावहारिक जटिलता समाधान गर्ने उद्देश्यले ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरिएको हो ।

local Government

Maiwakhola Rural Municipality

Office of the Rural Municipal Executive

Sanghu, Taplejung

Koshi Province, Nepal

Invitation For Bids

Date of publication: 2026 Sep 21 (2083/06/05)

1. Maiwakhola Rural Municipality, Sanghu, Taplejung invites (Hard Copy) bids from eligible bidders for the following procurement.

i) Works Under National Competitive Bidding (NCB) – Single Stage Single Envelope (1S1E)

Contract ID	Name of work	Estimated Amount (without VAT And Including P.S. Item)NRS.	Bid Security Amount NRS.	Bid Document Fee NRS.	Bid Validity Period in Days
MRM/WORKS/NCB /H/083/84-01	Thukiya Khola-Orkhum-Ghoretar-Fhakhongden Sichai Aayojana	81,30,267.01	2,04,000.00	3,000.00	120
MRM/WORKS/NCB /H/083/84-02	Wada no.1 Sthit Pati Aadharbhut bidhyalaya ko 7 kothe Bhawan	1,01,54,342.77	2,54,000.00	3,000.00	120
MRM/WORKS/NCB /H/083/84-03	Nawajyoti Aadharbhut bidhyalaya ko 4 kothe Bhawan Nirman	55,83,231.08	1,40,000.00	3,000.00	120
MRM/WORKS/NCB /H/083/84-04	Neruwakhola-Ekbase-Khamsaden-Timburekhola Chhetrako Sadik Istarunati	41,52,466.23	1,04,000.00	3,000.00	120

ii) Goods Under National Competitive Bidding (NCB) – Single Stage Single Envelope (1S1E)

Contract ID	Description	Bid Security Amount NRS.	Bid Document Fee NRS.	Bid Validity Period in Days
MRM/GOODS/NCB /H/083/84-01	Maiwakhola Gaun Palika Bhitraka Ghardhuriharuma Phusko Chhano Pratisthapan (Jastapata Samagri Supply)	3,84,000.00	3,000.00	120
MRM/GOODS/NCB /H/083/84-02	Distribution of warm clothes to encourage students from Child Development to Class 10	70,125.00	3,000.00	120
MRM/GOODS/NCB /H/083/84-03	supply,delivery,installation,testing and commissioning of Elevator at Maiwakhola Rural Municipality, Sanghu, Taplejung	85,500.00	3,000.00	120

2. Eligible bidders can purchase the bidding document from Maiwakhola Rural municipality Office,(Address:Maiwakhola Rural Municipality Office,Sanghu,Taplejung) and may obtain further information by email or phone (Email: maiwakholarmbolpatra@gmail.com, Mobile: 9852660936)
3. Information to deposite the cost of bidding document in Bank and Bid Purchase,Bid submission and opening date.

Office Name	Maiwakhola Rural Municipality		
Name of Bank	Laxmi Sunrise Bank Ltd, Sanghu Taplejung	Last date of Bid purchase	2083/06/26 During Office hours
Rajaswa khata no.	Maiwakhola gaukaryapalika ga 1.1 Antarik Rajashwa Khata : 0760462124703006	Last date of Bid submission	2083/06/27 at 12:00
Dharauti Account no.	Dharauti Khata No: 0760462124703019	Bid Opening date:2083/06/27 at 14:00	

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

सम्पादकीय

मलेसिया रोजगारी : विगतको पाठ र वर्तमानको चुनौती

आफ्नो देशमा भित्रिने विदेशी कामदारका लागि भिसा प्रदान तथा अन्य व्यवस्थापनका लागि डिजिटल प्रणाली लागू गर्ने मलेसिया सरकारको निर्णयलाई अन्यथा लिन मिल्दैन किनकि यो मामिला कुनै पनि देशको सार्वभौम अधिकार हो । तर, मलेसिया सरकारले डिजिटल प्रणालीलाई कार्यान्वयनमा लैजाँदा सिन्डिकेट लागू भएको ठहर नेपालका अधिकांश म्यानपावर व्यवसायीले गरेका छन् । यो कदमले नेपालका करिब १ हजार म्यानपावर कम्पनीमध्ये जम्मा २५ वटाले मात्रै मलेसियामा श्रमिक आपूर्ति गर्ने इजाजत पाएका छन् । नेपालबाट वैदेशिक रोजगारीमा जाने दैनिक सरदर १ हजार ५०० कामदारमध्ये मलेसियाको हिस्सा ३०० देखि ५०० सम्म छ । यो भनेको म्यानपावर कम्पनीहरू स्वयंको ठुलो व्यवसाय हो । एकातिर मलेसियाको यो कदमले आफ्नो व्यवसाय गुमेको महसुस अधिकांश म्यानपावर व्यवसायीले गरेका छन् भने अर्कातिर जम्मा २५ वटा कम्पनीले मात्रै यो अवसर प्राप्त गर्नु भनेको एकप्रकारले सिन्डिकेट कायम हुनु हो भन्ने म्यानपावर व्यवसायी संघको ठहरलाई नेपाल सरकारले साथ मात्रै दिएको छैन, कामदार पठाउने प्रक्रिया स्थगित गर्दै इजाजत पाएका २५ म्यानपावर कम्पनीमाथि छानबिन थालेको छ । साथै निर्णय सच्याउन मलेसिया सरकारलाई पत्राचारसमेत गरेको छ । वैदेशिक रोजगारीको मुख्य गन्तव्य मुलुक रहेको मलेसियामा कामदार पठाउने काम स्थगित गर्ने नेपाल सरकारको कदम निश्चय पनि गम्भीर हो । यद्यपि सरकारले परिस्थितिको गम्भीरता बुझेरै यो कदम चालेको हुनुपर्छ ।

नेपालमा क्रियाशील हजारभन्दा बढी म्यानपावर कम्पनी सबैलाई डिजिटल प्रणालीमा आबद्ध गराउन सकिने सम्भावना किन देखिएन भन्ने नेपाल सरकारको प्रश्नको उत्तर मलेसियाबाट केही दिनमा आउने नै छ । यसैगरी २५ वटा म्यानपावर कम्पनीले मात्रै इजाजत पाउनुको रहस्यबारे नेपाल सरकारले अघि बढाएको छानबिन प्रक्रियाको परिणाम पनि केही दिनमा आउने नै छ । किनकि यी दुवै प्रश्नहरू प्राविधिक पनि हुन् । किनकि दैनिक ३०० देखि ५०० कामदार आपूर्ति गर्ने मुलुकका लागि १ हजारभन्दा बढी म्यानपावर कम्पनीलाई डिजिटल इजाजत दिँदा व्यवस्थापनमा कठिनाइ उत्पन्न हुने आशंका मलेसिया सरकारले गरेको हुनुपर्छ । अनुगमनका लागि सजिलो होस् भन्ने ध्येय पनि हुन सक्छ । अर्कातिर २५ वटा कम्पनीले मात्रै अवसर पाएको अवस्थामा बाँकी म्यानपावर कम्पनीहरू आन्दोलित हुँदै हारगुहार गर्नु स्वाभाविकै हो । नेपाल सरकारले आफ्ना म्यानपावर कम्पनीको पक्ष लिनु स्वाभाविकै हो । साथै यति ठुलो वैदेशिक रोजगारीको बजार २५ वटा कम्पनीमा मात्रै सीमित हुँदा कामदारले बढी रकम खर्च गर्नुपर्ने, धेरै समय पर्खनुपर्ने अवस्था आउने सम्भावनातर्फ श्रम तथा वैदेशिक रोजगार मन्त्रालयको ध्यान आकृष्ट हुनु पनि स्वाभाविकै हो । त्यसैले आफ्ना देशका नागरिकलाई वैदेशिक रोजगारीमा पठाउँदा सिन्डिकेट लागू हुन नदिने नेपाल सरकारको निर्णयलाई पनि अन्यथा लिन मिल्दैन । तर यही निहुँमा सबैभन्दा ठुलो श्रम गन्तव्य नगुमोस् भन्नेतर्फ पनि सरकार सचेत हुनु जरुरी छ ।

वास्तवमा २६ वर्षको यो अन्तरालमा मलेसियामा कामदार आपूर्ति गर्ने मामिलामा भएको अवरोध यो पहिलो भने होइन । मलेसिया सरकारले इजाजत दिएका निश्चित संस्थाबाट स्वास्थ्य परीक्षण गराएका कामदारलाई मात्रै भिसा दिने निर्णयका कारण २०७५ सालमा पनि यस्तै गतिरोध उत्पन्न भएको थियो । त्यतिबेला यो कदम पुनरवलोकन नगरेसम्म कामदार नपठाउने अडान नेपाल सरकारले लिएको थियो । करिब १९ महिनाको गतिरोधपछि मलेसियाले आफ्नो कदम पुनरवलोकन मात्रै गरेन, नेपाली कामदारहरूले निःशुल्क मलेसिया जाने अवसर पाए । तैपनि विभिन्न निहुँमा शुल्क लिने क्रम रोकिएको थिएन । यद्यपि त्यो शुल्क खासै चर्को थिएन । निश्चित संस्थालाई मात्रै स्वास्थ्य परीक्षणका लागि अवसर दिने विगतकै कदमको निरन्तरता स्वरूप यतिबेला २५ वटा म्यानपावर कम्पनीबाट मात्रै जनशक्ति आपूर्ति गर्ने निर्णय गरिएको हो भने यो घोर आपत्तिजनक छ । विगतमा कामदार नपठाउने निर्णयद्वारा नै मलेसिया सरकारलाई आफ्नो कदम सच्याउन बाध्य पारिएको नजिर यसपटक पनि आकर्षित भइदिए त राम्रै हुन्थ्यो, तर मलेसियाले अरू मुलुकबाटै कामदार आपूर्ति गर्न सक्ने जोखिमतर्फ पनि ध्यान दिनु उत्तिकै जरुरी हुन्छ । त्यसैले यो समस्याको समाधानका लागि कूटनीतिक मार्ग अपनाउनु उपयुक्त हुन्छ ।

१० भदौको दुर्दशा : दृश्य र दर्शनमा देख्दा



उपेन्द्र प्रेमी

(लेखक वरिष्ठ पत्रकार हुन्)

रसुवाको उत्तरी क्षेत्रमा गएको हिमपहिरोका कारण नेपाल-चीनबीचको सीमानामा अवस्थित ल्हेन्दे खोलामा आएको बाढीले रसुवा, नुवाकोट, गोर्खा धादिङ जिल्लामा पुऱ्याएको क्षति र आइपरेको आपत्ती ज्यादै हृदयविदारक एवं मार्मिक छ । पुगनपुग २ हजार मान्छेको लास क्षतविक्षत अवस्थामा भेटियो, ४-५ हजार मानिस अझै बेखबर छ भनिन्छ । अनि वर्षाद् कम हुँदै जाँदा र लेदो गेग्रयान सुक्दै जाँदा ज्ञातअज्ञात कतिको शव र तिनका अंग अवयव अझ कति देखिने हुन्, त्यसको कुनै यकिन संख्या आँक्न सकिन्न ।

कति पशुपक्षी मरे, कति जग्गा जमिन ध्वस्त भए अनि खेतीपाती स्वाहा भए, त्यसको कुनै गणित फलित थाहै छैन । साना ठुला गरी १० हजार जति घर-गोठ बगायो भन्ने बुझिन्छ र हजारौँ हजार बासिन्दाको बास-वस्ती, धन्दा-व्यवसाय एवं सम्पत्ति स्वाहा भएको अवस्था देखिन्छ । यस्तो दुर्दशाग्रस्त स्थितिबाट त्यो भूगोल र त्यहाँका पीडित जनसमुदायलाई कसरी पुनःस्थापित गर्ने हो अनि जेनतेन बाँची बसेका उनीहरूको जिन्दगीलाई ताजगीमा ल्याउने हो, सबैतिर छाएको चासो र चिन्ताको कुरा छ यो ।

१० गतेको त्यो बिहानी दुर्दशा

बिहानीको ९ बज्दा नबज्दै सीमावर्ती ल्हेन्दे खोलाको जल सुनामीले भोटेकोसीलाई उरालेपछि वेत्रावती (उत्तरगया), टिमुरे, स्याफ्रुबेसी आदिका जलाधार क्षेत्र जलमय भएर नुवाकोटको पुरानो बजार त्रिशूलीतिर बढ्यो । वस्तुतः त्यो आकाशे वर्षाबाट उत्पन्न बाढी थिएन । अघिपछिको भल बाढी, वर्षा वृद्धिको बाढी भन्ने पनि कतिलाई लाग्यो, त्यो हिउँका ढिक्का फुटेर र हिमतालबाट जललहर उम्लेर पैदा भएको 'बाढी वितण्डा' थियो ।

यो कुराको सही सटीक र त्यो हिमाली भूखण्डको खोजी मेली अझ गहिरो गरी हुनुपर्छ । बिहानैदेखि त्यताका मान्छेहरू खेतीपाती, बन्दव्यापार, हिँडडुल, घुमफिर, क्रयविक्रय र पेसा-व्यवसायमा लागिरहेको अवस्थामा बम विस्फोट भएजस्तो अकल्पनीय रूपमा आएको त्यो बाढीको तुफानी वेगले 'आहा ! ऐआ ! हेलो हल्लो' भन्न नपाउँदै धेरै मान्छेको जिउ बाढी वेगमा पऱ्यो, तत्काल नै धेरैको ज्यान गुम्यो ।

अनि सँगसँगै त्यो भेगका 'घर, पसल, गाडी, अफिस' बाढीले बगाउँदै गयो । त्यस क्षेत्रका जलविद्युत् आयोजनाको सुरुङभित्र ढुंगा, माटो, लेदो, पानी घुस्यो, ठुलो विनाश भयो र एकाएक दुर्दशा खडा भयो । त्यहाँका रैथाने वासिन्दाहरूलाई, केही मात्रामा कतातिर दौडेर जाँदा सुरक्षित होइन्छ भन्ने सामान्य बोध भए पनि अन्यत्रबाट त्यस क्षेत्रमा रहेका, पुगेका कतिपयलाई दौडिने, भाग्ने र सुरक्षित होइने डाँडापाखा र बाटोघोडेटोको जानकारी नै रहेन ।

त्यसैले श्रम, सीप, जागिर, व्यापार र तीर्थव्रतका निम्ति त्यहाँ रहेका अन्य क्षेत्रका मान्छे, विदेशी मान्छे, दूरदराजका अन्य जिल्लाका मान्छे समेतले ज्यान गुमाउने अवस्था त्यहाँ आयो । यसैले सामान्य सोचले भन्नुपर्दा रसुवा-नुवाकोट भने पनि नेपालका सबैजसो जिल्लाका नागरिकहरू त्यो दुर्दशाका सिकार भए । भोटेकोसी बाढीको वितण्डाबाट सिंगै देश प्रभावित भयो, देशको विकास, व्यापार, पर्यटन आवागमन माथि नै यसले धक्का दियो ।

दशा दुर्दशामा दोष

देशमा दशा लागेको बेला, देश दिशातिर नगइरहेको एवं अब के सुधार्ने के संशोधन गर्ने भन्ने किंकर्तव्य-विमूढको अवस्थामा रहेको बेला र जनजीवन दुर्दशाग्रस्त भइरहेको बेला, सुद्धि बुद्धिका साथ सबै जिम्मेवारहरू लाग्नु पर्छ । हिजो तिमीहरूले बिगाऱ्यौ, त्यही त विद्यमानको संकट हो भनेर दोष थोपरेर के गर्ने ? आज पनि किन बिग्रिरहेछ ? प्रश्न त यथावतै छ ।

हिजोकाले जे गरे, हामीले पनि त गर्न पाउनु पर्छ भन्दै जाने हो भने सुधार्ने कसले ? हामी सुधार्न आएका भन्नेहरूबाटै जब झन् झन् बिगार्ने काम हुन्छ अनि जनताले के ठान्ने ? १० भदौमा जुन दृश्य खडा भयो र त्यसले जुन दर्शनको माग गरेको छ, त्यसतर्फ गहिरो ध्यान नदिई परस्पर उही खालको दोषारोप भइरहने हो भने, हामी कहाँ पुग्छौँ ? सोचनीय प्रश्न ।

दुर्दशाको दृश्य देखा नपरोस् भनेर राख्नुपर्ने पूर्वतयारी, सचेतना तथा सतर्कतामा हाम्रो प्रथम प्राथमिकता रहनुपर्ने हो । तर परस्परमा आरोपप्रत्यारोप गर्ने, घडबडाउने अनि हतारिएर श्रेय लाभका लागि दौडादौड गर्ने हाम्रो 'विपद्-संस्कृति' बनेको छ । हो, परेपछि-विपद्बाट त्राण पाउन उद्धार, खोज, राहतका निम्ति वाञ्छित व्यवस्थापन त अनिवार्य विषय नै हो । राष्ट्रिय संयन्त्र, वाह्य सीप-उपकरण सहयोग, आन्तरिक र वैदेशिक साथ-सहयोग त जुटाउनै पर्छ ।

दुर्दशाको त्यस्तोमा पीडाको भुँमरीमा परेकाहरूलाई उदारतापूर्वक यथोचित मद्दत पुऱ्याउनु पर्छ । अनि हाम्रो राज्य छ, हामीलाई हेर्ने हाम्रो सरकार छ, हाम्रा राजनीतिक सहयोगी हातहरू छन् भन्ने अनुभूति आमनागरिक स्तरमा गराउनै पर्छ । दशा दुर्दशाको स्थितिमा त्यसो हुन सकेन भने निराशा, अविश्वास, आक्रोश आउनु स्वाभाविक हुन्छ । त्यसैले दोष पन्छाएर दायित्वच्युत हुने छुट कसैलाई हुँदैन, दशा दुर्दशाको अवस्थामा ।

सहानुभूति, शब्द र कर्ममा

दशा दुर्दशा, प्रकोप र विपद्मा ज्यान जानेहरू उपर श्रद्धाका २-४ शब्द फलाक्ने, तिनका परिवारजनसँग हाम्रो पनि वेदना छ है भनेर साखिल्ले बन्ने अनि साथ-सहयोग हुन्छ है भनेर भन्ने तर कर्म तदनुरूप नहुने हाम्रो आपत्कालीन प्रवृत्ति छ । श्रद्धा र सहानुभूतिको शब्दको पनि अर्थ हुन्छ, दृश्यमा देखिनुको पनि केही आड, आधार, भरभरोस हुन्छ तर त्यो देखावटी, नाटकी, नौटंकी हुनु हुँदैन ।

शब्दले स्पर्श गर्दछ, तर त्यो लालित्य मात्र हो, पेट भर्न, गाँस-बास, कपास, ओखती र आगामी स्थितिको बन्दोबस्त मिलाउन त कर्मपद्धति तथा पर्याप्त वित्तीय विधि-व्यवहार नै चाहिन्छ । हो, दशा दुर्दशाको दर्दनाक दृश्य हेर्नका लागि होइन, 'कठै बरा !' भनेर दयाभाव दर्शाउनका निम्ति होइन, दुःख दूर गर्न त कर्मले, व्यवस्थापनले, सेवा-सामर्थ्यले तथा आर्थिक प्रयत्नले अग्रसर हुनै पर्दछ । दुर्दशाको दृश्यस्थलमा अनुहार झल्काएर, भिड बढाएर र गफ चुटेर के गर्ने ? तत्कालको उपाय-उपचार कामले झल्काउनुपर्छ, समस्या सुल्झाउने क्रियाशीलता राख्नुपर्छ ।

सहानुभूति र शाब्दिक सौन्दर्यको प्रस्तुतिले उल्टो ग्लानी बढाउँछ र समयको बर्बादी मात्र गर्दछ । त्यसैले दुर्दशाग्रस्त यस्तो विषम परिस्थितिमा संबद्ध सबैको मन, वचन र कर्म दूषित-दुःखित दृश्य दूर गर्नेतर्फ उद्यत् हुनुपर्छ ।

प्रकृति मैत्री प्रयत्न

हिमाली र पर्वतीय बनावटमा बनेको नेपालले सधैँभरी भोग्नुपर्ने दुःख, पीडा र दुर्दशा बाढी, पहिरो, भूस्खलन, बाटोबाटोको अवरोध-सवारी दुर्घटना आदि हुन् । सधैँ वर्षाद्का बेला आइरहने यस्ता विपद्, अवरोध तथा घटनाले धनजनको क्षति भइरहने हाम्रो परिस्थिति छ । हरेक वर्ष भइरहने, आइरहने प्राकृतिक प्रकोपका यस्तो विपत्ती र नियतिलाई हामी हाम्रो भूगोललाई, हाम्रो इतिहासलाई तथा विश्व परिवेशलाई कारक ठान्छौँ ।

प्रकृति जस्तो छ, त्यसै प्रकारको स्थिति बाँधेर हाम्रो रस्ती-वस्ती, रीतिपद्धति र सुखी, सभ्य, शान्त जीवनको गति अघि बढाउनुपर्ने हो । तर अमेरिका-बेलायततिर पढेर आएका र आधुनिक सभ्यता जानेबुझेका भन्नेहरूले नेपाली मोडलको विकासतिर होइन किताबी र बेहिसाबी परिपाटीको अनुकरणीय विधि-प्रक्रिया चलाउँदा प्रकृतिजन्य पीडा तथा दुर्दशा ज्यादा गरिबढिरहेछ । हामी कहाँ ।

हाम्रो प्रकृति, हाम्रो जल-स्थल र वातावरणीय स्थिति जस्तो छ हाम्रा शील-शैली, रीतिपद्धति पनि त्यस्तै हुनुपर्ने हो । तर उतातिर कतै वर्षाद् भयो भने यहाँ छाता ओढेर हिँड्ने, अरूका राजनीतिक फर्मुला, अरूका सामाजिक ढाँचा, धार्मिक दर्रा र आर्थिक विकासका अडमिल्दा पारा अँगालेर 'नयाँ नेपाल' भन्दै दगुर्ने हाम्रो बानीबेहोरा छ । देश जस्तो छ, भेष त्यस्तै हुनुपर्छ, हाम्रो जमिन जस्तो छ, जिउलाई पनि त्यसै अनुरूप चलाउनुपर्छ ।

अरूको खान्की-बान्कीभन्दा हामीलाई हाम्रो आफ्नै आहार-विहार, परिकार-प्रकार हितकर हुन्छ । त्यही तौरतरिका र विधि-व्यवस्थालाई प्रकृतिसम्मत मौलिकता मानिन्छ । तर प्रकृति उपर हाम्रो विजय भन्दै आधुनिक उन्नतिको पछि-पछि लागेर हामीले हाम्रो प्रकृतिमाथि 'शत्रु साधना' गरिरहेका छौँ । प्रकृतिलाई त हामीले देवता मान्नुपर्ने, त्यहाँ देवत्व देख्नुपर्ने अनि प्रकृति रक्षाको मैत्री भाव राखेर प्रकृति-मित्रको सार बुझेर आफैँलाई सुखी, सम्पन्न पार्नुपर्ने । तर ख्वै त्यस्तो प्रकृति मैत्री विधि-प्रणाली र नीति-पद्धति ?

दृष्टि-दृश्य र दर्शनमा

नेपालको दृश्य मूलतः नेपाली दृष्टिको हो । हामी जे देख्छौँ, त्यो हाम्रो आँखाको हो । अरूका आँखा अधिल्तिर मनोहारी दृश्य झल्काइदिन होइन, हाम्रै आँखाले साँझ-बिहान राम्ररी हेर्न-देख्नका लागि हो, हाम्रो आफ्नो यो मनोरम दृश्य । त्यसैले आधुनिक परिधान-शृंगारले सजाएर राम्रो पार्नु छैन हाम्रो दृश्यलाई ।

हो, यो दर्शनबाट हामी जब विमुख बन्दै जान्छौँ, तब हामी बर्सेनि प्रकृतिको केही कठोर-कुरूप दृश्यबाट दुर्दशाग्रस्त भएर गुज्रन्छौँ । दृश्य केवल बाह्य नजरलाई डोलाइदिने विषय मात्र होइन, राम्रो दृश्य सधैँभरी झल्काइरहन र त्यसको सही-स्वाभाविक सुहाउँदोपन जोगाइराख्न हामीले अरू प्रकारको लिफापोती राख्नु पर्दैन । हामी अनुकूलको हाम्रो, हाम्रो प्रकृति र परिस्थिति अनुरूपको दर्शन, दिशा, तथा दृष्टिकोण समातेर हिँड्नमै हाम्रो कल्याण हुन्छ ।

दिशा नदेखेर, दर्शनलाई तिरस्कार गरेर अमिल्दो दृष्टिकोण राखेर जब हामी बच्न खोज्छौँ, अनि प्रकृतिको कोपभाजनमा हामी पर्छौं, सायद हुँदै आएको यही हो । सुन्दर बजार, सुरम्य सडक, सहज बस्ती खोज्दै जाँदा भौतिक दृश्य मनोहारी त देखियो, तर आफ्नो मौलिक प्राकृत-भित्री आँखाको रूप-सौन्दर्य हामीले गुमाउँदै गयौँ । त्यसैले, दृष्टि, दृश्य र दर्शन दुवैमा आधारित हुनुपर्छ । दृष्टि-भौतिक र आत्मिक दुवैथरीको हुनुपर्छ, अन्यथा 'भोटेकोसी प्रलय'को पुनरावृत्ति चलिरहन्छ ।

जलवायुजन्य र अन्य

अहिले ग्लोबल वार्मिङ, जलवायु परिवर्तन, बढ्दो तापक्रम, हिमस्खलन, हिमालय माथिको अन्याय, जल न्याय, अन्तर्राष्ट्रिय क्षतिपूर्ति-आदि कतिपय शब्दावली निकै-निकै चलनचल्तीमा छन् । देश, देशका जनता, समूह - पीडक-पीडित प्रायः आआफ्नै दलीलमा हुन्छन्, जो मारमा परेको छ उसको व्यथा चर्को हुन्छ, स्वभावतः ऊ आफूभित्र फर्कनुभन्दा ज्यादातर त्यो पीडाको कारणमा बाहिरी दृष्टिपात नै गर्दछ ।

हो, भोटेकोसीको यो जलजन्य प्रकोपमा हिमाली शिरोभागले खप्नुपरेको अधिक ताप नै हो भन्ने धेरैको ठम्याइ हो । अनि यसपछाडि उद्योग-कलकारखाना, सवारी साधन आदिले उत्सर्जन गर्ने धुलो-धुवाँ, कण-विकार-आदिलाई मूल कारण मानिन्छ । अध्ययन, दोहन, प्रत्युत्पादनका आधारमा भन्दा बाढी-वितण्डा, भूक्षय, भौतिक विनाश तथा मानवीय क्षतिको भयावह स्थिति त्यस्तै गतिविधिबाट उब्जने हो ।

तर त्यतातिरको त्यस्तो कार्य-कारण औँल्याइरहँदा यो प्रकोपलाई केवल जलजन्य भनेर भनिरहँदा हामीले कतिपय अन्य विषयतर्फ पनि दृष्टि र दर्शन लगाउनुपर्ने हुन्छ । हिमाल र पहाडले भरिएका र त्यसबाटै ठडिएर कहलिएका देशहरूको मात्र पीडा यो होइन । स्वाभाविक गतिमा हिमालबाट प्रवाह हुने जल समुद्रमा गएर मिल्ने हो अनि त्यसैबाट विश्वका सबै प्राणी, वनस्पति र प्रकृतिको प्यास मेटिने हो । त्यसैले पानी चाहिन्छ, तर पानीको प्रकोप चाहिँदैन ।

अतः जल र भलको यो विशेष विषय विश्वकै मूल पक्ष हो । को प्रकोपमा पऱ्यो, उसमाथि के प्रभाव रह्यो भन्नुभन्दा पनि यो विश्वकै साझा सवालका रूपमा उठ्नुपर्छ, उठाइनुपर्छ । नेपालले विश्व मञ्चबाट उठान गर्ने भनिएको यो जलजन्य, वायुजन्य र तापजन्य समस्याको दिगो भरपर्दो समाधानमा अन्ततः सबैको प्रयत्न आवश्यक पर्छ ।

विश्व सभ्यता र निर्भरता

हो, अहिलेको विश्व 'एक-ग्राम' का रूपमा छ । यद्यपि धर्म, रीति, परम्परा तथा सामाजिकताको दृष्टिले विविधता र मौलिक विशेषता देश-देशको आआफ्नै खालको छ । तैपनि यातायातको सहजता एवं आधुनिक सञ्चार, वैज्ञानिक चमत्कार र नवीनतम प्रविधिले गर्दा विश्वलाई सन्निकट सान्निध्य तुल्याएको छ । त्यसैले मानवीय आत्मीयता तथा पारस्परिक निर्भरताको नयाँ सभ्यता खडा भएको छ ।

त्यसैले युरोप, एसिया, अफ्रिका वा पूर्वीय-पश्चिमीको भेदमा भन्दा सबैको फेदमा हाम्रो पृथ्वी, हाम्रो आकाश, हाम्रो जलवायु, हाम्रो हिमाल-समुद्र-हाम्रा समथर मैदान एवं पहाडी भूभाग परस्पर परिपूरक साझा विषयका रूपमा लिइन्छ । हाम्रो प्रकृति हामी सबैको साझा निधि हो, सबैको संरक्षण, उपयोग, प्रयोग एवं सन्तुलन-समन्वयमा हाम्रो साझा हित हुने हो भन्नेमा हामी सबैको ध्यान, धारणा र धर्म आवश्यक मानिन्छ ।

परस्पर निर्भर हुने, एकअर्काका बीच तालमेल राख्नुपर्ने र सबै एकाकार भएर 'वसुधैव कुटुम्बकम्' को आदर्श अँगाल्ने विद्यमानको आवश्यकता हो । आजको विश्वको कुनै एक देश, प्रदेश र भूखण्डमा पर्ने घटना-दुर्घटना, क्षति-विकृतिको असर अन्यत्र सर्वत्र पर्दछ । हिमवत् खण्डमा उभिएका - अग्ला हिमशृंखला, त्यहाँका खोला, खोल्सी र जलतलैयामा आउने बाधा-विघ्नको प्रभाव समुद्रका तट तथा सामुद्रिक सतहसम्म पुग्छ ।

त्यसैगरी होर्मुज जलमार्ग वा कुवेत-कतारबाट आउने अवरोधले नेपाल, चीनलगायत एसियाली र युरोपेली मुलुकहरू समेतलाई पिरोल्छ । विश्व व्यापार, विश्व अर्थव्यवस्था, तथा समग्र निर्भरताको यो विश्व सभ्यतालाई बचाइराख्न सबैको संलग्नता जरुरी हुन्छ । त्यसैले भोटेकोसीमा उत्पन्न १० भदौको यो भूखण्डीय दुर्दशा वस्तुतः हाम्रो विश्व प्रकृतिकै निम्ति, हाम्रो साझा सभ्यताकै निम्ति पनि चुनौतीको विषय ठानेर यसतर्फ सबै आकृष्ट हुनु आवश्यक छ ।

दृष्टि, विकृति र प्रकृतिप्रति

विपत्तीको यो स्थितिमा हाम्रो यो हिमवत् खण्डका कतिपय मुलुकहरूले हिमाल पग्लने, हिमताल जम्ने र त्यो तातिएर वा हल्लिएर बाढी प्रवाह हुने यस प्रकारको अवस्थाको सही निदान, उपचार खोज्नुपर्छ । विश्व प्रणाली र प्रवृत्तिमा देखापरेको आधुनिक विकासको विकृति, त्यसबाट पैदा भएको प्रदूषण तथा जलवायु परिवर्तनको प्रक्रियालाई समुचित व्यवस्थित पार्न के हुनुपर्ने हो त्यसतर्फ साझा समाधान खोजिनुपर्छ ।

त्यसैगरी हामी कहाँको हिमतालको चालढाललाई सरल प्रवाहमा लगेर त्यसबाट उर्लंदो भेल-भल बग्न-वहन नदिन के गर्ने हो, सोच्नुपर्छ । आधुनिकतामा आएको विकार-विकृतिका साथै प्रकृति रक्षण, प्रकृतिसम्मत बस्ती-वस्तीको गतिविधितर्फ पनि हाम्रो स्वस्थ प्रयास हुनुपर्ने देखिन्छ । डाँडाकाँडा, खोलाखोल्सी र बेसीफाँटका सडक-बस्ती कसप्रकार नियन्त्रण, सन्तुलन एवं उचित व्यवस्थापनभित्र ल्याउने हो, त्यस दिशामा पनि अध्ययनशील प्रयत्न हुनुपर्छ । विश्वभरको विकृति र हिमाली भूखण्डको प्रकृति उपर व्यापक निगरानी गरिनु जरुरी देखिन्छ ।

दृष्टिः बाह्य र अन्तर्यमा

१० भदौको दुर्दशा दृश्यमा देख्दा अत्यन्त मार्मिक, पीडादायक छ । सर्वत्र लेदो-ढुंगा, गेग्रयानले भरिएको, हजारौँ घर ध्वस्त भएको, बन्द-व्यापार, खेती, विकास आयोजना चौपट भएको रसुवा र नुवाकोटका ती बस्ती-बजारका दृश्यलाई आँखाभरि कैद गर्दा कहाली लागेर आउँछ । स्वभावतः यो बेला अब के गर्ने ? कसरी बाँचेकाहरूलाई बचाउने, खण्डहरमा परिणत भएका सहर-बस्ती, घर, पसल, विद्यालय, अफिस कहाँ लगेर खडा गर्ने भन्ने प्रश्न यतिखेरको हो ।

विभिन्न देश, संस्था, दल, र व्यक्ति विशेषबाट आर्थिक सहयोग र राहत सामग्री जम्मा भइरहेछ । १५ अर्ब रकम विपद् कोषमा दाखिल भएको खबर पनि छ । हालै प्रधानमन्त्रीले त्यस क्षेत्रका जनप्रतिनिधिहरूसँग संवाद पनि गर्नुभएको छ र आगामी व्यवस्थापन र पुनःस्थापना कहाँ कसरी गर्ने भन्ने राय-परामर्श पनि लिनुभएको छ । यो बेला दृष्टि दृश्यमा जानुपर्छ, कर्म, उद्धार, राहत तथा पुनरुत्थानतर्फ हुनुपर्छ ।

साथसाथै बाहिरी आँखाले भौतिक दृश्य मात्र हेरेर होइन, यतिखेर हाम्रो भित्री आँखाले भावी भविष्यको धेरै दृश्य पनि देख्न सक्नुपर्छ । हामी बाह्यमा मात्र होइन, अन्तर्यमा घुसेर भविष्यको सुरक्षित र सुनौलो संसार बसाउने गहिरो दर्शनतिर पनि जानुपर्छ । सिद्धार्थले कपिलवस्तु र तिलौराकोट वरपरका गाउँवस्तीका अनेक दुःखद् दृश्य त हेरे, तर गयातिर गएर उनले अन्तर्यको बोध दर्शन देखे ।

हो, यो भोटेकोसीको दशा दृश्य देखेर हामीले पनि यतिखेर यसको सही कारण, यसका समाधानका सही उपायका बारेमा गहन ज्ञान, पहिचान लिन सक्नुपर्छ । कुनै पनि दृश्यलाई दर्शनमा लगेर बोध-तत्त्व प्राप्त हुन सक्यो भने त्यो युगौँ युगका लागि दिव्य मार्गदर्शन हुन सक्छ । सुन्दर जीवन-जगतको निर्माण हुन्छ । संयुक्त राष्ट्रसंघको महासभा सम्बोधनमा प्रधानमन्त्रीबाट बुद्ध जन्मभूमिको त्यस्तै बुद्धत्व प्रकट होस्, यो यतिखेर दृश्यले झुल्काएको गहिरो दार्शनिक विषय हो ।

पाठक पत्र

गरिब जनताको करमा सरकारी कर्मचारीको मोजमस्ती

सरकारी कर्मचारीको मासिक तलब पदअनुसार ३५ हजारदेखि १ लाख ७५ हजार रुपैयाँसम्म हुन्छ । वार्षिक २ जोर पोसाक, कार्यालय आउजाउ गर्न गाडी, ५ हजार महँगी भत्ता र बिरामी हुँदा परिवारसहितको निःशुल्क उपचार पनि पाउँछन् । कर्मचारीहरू सुत्केरी हुँदासमेत महिनौँ दिन छुट्टी पाउँछन्, छुट्टै रकम पाउँछन् ।

विद्यमान कानुनअनुसार महिला कर्मचारी सुत्केरी हुँदा ९८ दिन र पत्नी सुत्केरी भएको पति कर्मचारीलाई १५ दिन बिदा दिइन्छ, तलबसहित । तर नयाँ कानुन ल्याएर महिलाको हकमा ६ महिना र पुरुषको हकमा ४२ दिन सुत्केरी बिदा बनाइँदै छ । जबकी गरिब जनताचाहिँ आज सुत्केरी भएमा भोलि नै ज्यामी काम गर्न हिँड्छन् । किनकि उनीहरुसँग त्यसबाहेक विकल्प नै हुँदैन ।

जनता सुत्केरी हुने पैसा नभएर अस्पतालबाट निकालिन्छन्, बाटोमै बच्चा जन्माउन बाध्य हुन्छन्, सरकारचाहिँ कर्मचारीहरूका लागि पहिले पर्याप्त हुँदाहुँदै सुत्केरी बिदा बढाउँदै छ । कर्मचारीहरूलाई जतिसुकै तलब, सेवासुविधा दिए पनि पुग्दैन, यहाँ केसम्म हुँदै आएको छ भने पति पेन्सनवाला भए पनि पत्नी ज्येष्ठ नागरिक भत्ता बुझिछन् ।

हालैका दिनहरूमा हाम्रो समाजमा एउटा अनौठो तर चिन्ताजनक प्रवृत्ति तीव्र रूपमा मौलाइरहेको छ, जुन विशेष गरी सरकारी पेन्सन र विवाहित सम्बन्धहरूसँग जोडिएको छ । अवकाश प्राप्त कर्मचारीहरूको निधनपछि तिनका पति वा पत्नीले आजीवन पेन्सन पाउने व्यवस्था छ । यसैको लोभमा धेरै युवायुवतीहरू आफ्नो उमेरभन्दा जेठा वा पाको उमेरका वृद्धवृद्धाहरूसँग विवाह गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

बेरोजगारी र आर्थिक संकटको बहाना देखाएर आफ्नै बाबुको उमेरका व्यक्तिहरूसँग वैवाहिक सम्बन्ध गाँस्ने र केही वर्षमै पेन्सनको दाबी गर्ने प्रवृत्तिले हाम्रो सामाजिक मर्यादा र पारिवारिक मूल्यमान्यतालाई गम्भीर रूपमा आघात पुऱ्याएको छ । यस्ता सम्बन्धहरूले समाजलाई कतातिर लैजाँदै छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

अर्कोतर्फ, सरकारी सेवामा कार्यरत कर्मचारीहरूको सेवासुविधा र आचरणको पाटो पनि उत्तिकै निराशाजनक बन्दै गएको छ । देश गम्भीर आर्थिक संकट र दबाबमा रहेको बेला सरकारले कर्मचारीहरूको तलब र भत्ताहरू अस्वाभाविक रूपमा वृद्धि गरेको छ । सुत्केरी बिदाको समयावधि बढाउने, महँगी भत्ता, औषधि उपचार र विभिन्न किसिमका सेवासुविधा थप्ने काम त भएका छन्, तर यसको बदलामा सेवाग्राहीले पाउने सेवाको गुणस्तर झन् खस्कँदै गएको छ ।

कार्यालय समयमा ढिला आउने, हस्ताक्षर मात्र गरेर बाहिरिने, सेवाग्राहीलाई विभिन्न बाहानामा दुःख दिने र घुसखोरीलाई प्रोत्साहन गर्ने प्रवृत्ति सामान्य बनेको छ । जनताले तिरेको करबाट महँगो तलब, पोसाक र भत्ता बुझ्ने तर कार्यालयमा बसेर व्यक्तिगत कुराकानी वा सामाजिक सञ्जालमा समय बिताउने प्रवृत्तिले सार्वजनिक प्रशासनप्रति जनताको विश्वास पूर्ण रूपमा गुम्दै गएको छ ।

जनताले सास्ती भोग्नुपर्ने तर कर्मचारी र जनप्रतिनिधिहरू मात्र सुखी बन्ने परिपाटीले लोकतन्त्रको उपहास गरिरहेको छ । यदि समयमै यस प्रकारका विकृतिहरूको नियमन गरिएन र पेन्सन प्रणालीमा सुधार ल्याइएन भने यसले भविष्यमा देशलाई ठुलो आर्थिक तथा सामाजिक दुर्घटनामा धकेल्नेछ । तसर्थ, सम्बन्धित निकायको बेलैमा ध्यान जाओस् र सार्वजनिक सेवाप्रवाहलाई जनमुखी र जबाफदेही बनाइयोस् ।

रुषा थापा
भक्तपुर

आजको राशिफल

मेष	कार्य अवरोध ।	**मिथुन**	छातिमा बिकार ।	**सिंह**	नेत्र पीडा ।	**तुला**	सुख ।	**धनु**	टकराव ।	**कुम्भ**	कार्य सुख ।
वृष	विवादमा फस्न सकिने ।	**कर्कट**	प्रेममा सुख ।	**कन्या**	हानि ।	**वृश्चिक**	पदोन्नति ।	**मकर**	मानसिक क्लेस ।	**मीन**	विजय प्राप्त ।

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya





मानवीय क्षति शून्य बनाउनु पर्छ : ई. श्रीराम न्यौपाने

१० भदौको भोटेकोसी-त्रिशूली बाढीले धेरै धनजनको क्षति भयो । प्रभावित क्षेत्रमा उद्धारका लागि राज्यका विभिन्न तहदेखि संघसंस्थासमेत खटिए । बाढीबाट जलविद्युत् गृहका सुरुङमा कम गर्ने कर्मचारी मजदुर फसेका कारण उनीहरूको उद्धार निकै चुनौती बन्यो । बाढी यसरी आयो कि केही मिनेट अगाडिसम्म रहेको विशाल संरचना क्षणभरमा अलप भए । कुन संरचना कहाँ थिए र त्यहाँ काम गर्ने मानिसको अवस्था कस्तो छ ? भन्ने केही पत्ते थिएन । त्यस्तो बेला बाढी लगत्तै प्रभावित क्षेत्रमा पुगेका थिए, इन्जिनियर श्रीराम न्यौपाने । उनीसँग सुरुङको लामो अनुभव थियो । सत्तरुढ दल रास्वपाका सांसदसमेत रहेका न्यौपानेले अनेक विवादका बीचमा आफ्नो अनुभवलाई उद्धारमा लगाइरहे । उनी त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाहरूको उद्धारमा दिनरात खटिएका थिए । त्यहाँ काम गर्दाको अनुभव र आउने दिनमा गर्नुपर्ने कामका बारेमा सांसद न्यौपानेसँग सौर्य दैनिकका लागि **चमिना भट्टराई**ले गरेको संवादको संपादित अंश :

- माथिल्लो भागमा रहेकालाई सुरक्षित निकाल्न सकिन्छ भन्ने हाम्रो अनुमान पूर्णरुपमा सही ठहरियो
- ४२ जना बेपत्त मध्ये ३१ जना बगाएको देखिन्छ, २ जनाको जीवितै उद्धार भयो, १ जनाको शव भेटियो । थप ८ जना बेपत्त देखिन्छन् । ती ८ जना भिडियोमा नदेखिने गरी कि त्रिशूलीले बगायो वा बगरमा पुरिएको नभएर भागेर अहिलेसम्म सम्पर्कमा नआएको हुन सक्छ
- भोलिपल्ट हामी गन्तव्यमा पुग्दै थियौं । त्यति विश्वासका साथ काम गरिरहँदा त्यस्तो सूचना आएपछि मैले प्रतिक्रिया दिएको हुँ । त्यसपछि मैले पार्टी सभापति र प्रधानमन्त्रीको सचिवालयमा भेटेर कुरा गरेँ
- मानवीय क्षति कम्तिमा पनि शून्य बनाउनु पर्छ । त्यसका लागि माथिल्लो बेल्टमा बाढी आएमा तल्लो बेल्टमा तुरुन्त सूचना हुने प्रणाली विकास गर्न सक्छौँ । त्यो संसारभर जहाँ पनि छ ।
- क्षतविक्षत भएको बस्तीलाई अवसरका रूपमा लिएर योजनाबद्ध कार्यक्रम बनाई सबै सुविधासहितको बस्ती विकासको काम गर्नुपर्छ । कर्णालीदेखि अरू दुर्गम पहाडी भेगमा छरिएर रहेका बस्तीलाई नमुना बनाउन सकिन्छ
- दुवै आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, विद्युत् प्राधिकरण, सम्बन्धित आयोजना र स्थानीय जनप्रतिनिधि सबैसँग समन्वय र संवादमा रहेर काम गरियो । सबैको सहकार्य र सहयोगमा उद्धारको काम सफल भएको हो

● तपाई बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसेकाहरूको उद्धारमा खटिनुभयो, कस्तो अनुभव गर्नुभएको छ ?

-घटना भएपछि पहिलो चरणमा त्रिशूली-३ 'ए' मा ४२ जना र दोस्रो चरणमा चिलिमेमा ६ जना सुरुङभित्र फसेका छन् भन्ने मेरो नोटिसमा आयो । पहिलो चरणमा ४२ जना सुरुङभित्र फसेको भन्ने थाहा पाउने बित्तिकै मैले त्यसको डिजाइनका नक्सा मागेर हेरेँ । त्यहाँको बस्तुस्थिति मौखिक रूपमा बुझेँ । त्यसपछि मलाई त्यहाँको अवस्था सुन्दा र डिजाइन हेरेपछि साइडको अवस्था हेरेर उद्धारका कार्यमा अगाडि बढ्नुपर्छ भन्ने लाग्यो । त्यही विश्वासका साथ १० गते बाढी आयो म १२ गते साइडमा गएर २ घण्टा जति साइड हेरेपछि ४ वटा विकल्प सोचेँ ।

● के थियो ती विकल्प ?

-सबैभन्दा उपयुक्त विकल्प छोटो, छरितो र छिटो गन्तव्यसम्म पुग्ने विकल्प मैले देखेको थिएँ । त्यो भनेको पावरहाउस सबैभन्दा माथिल्लो भाग सुरक्षित हुनसक्ने मलाई लागेको थियो । बाहिरको पानी वा लेदो भित्र गयो भने पनि माथिल्लो भागमा नपुग्ने अवस्था थियो । जति जना पावरहाउसको माथिल्लो भागमा हुनुहुन्छ, उहाँहरूलाई सुरक्षित उद्धार गर्न सकिन्छ भनेर उद्धार सुरु गर्‍यौँ । तर, सुरुङका ३ वटै प्रवेशद्धार थुनिएका थिए । त्यसमा सबैभन्दा छोटो र सबैभन्दा माथिल्लो तलामा पुग्ने सकिने एक मात्र विकल्प थियो, टेबलटक टनेल । एकैपटक माथिल्लो भागमा पुग्ने त्यो टनेल १६० मिटर लम्बाइको थियो । त्यहाँबाट माथिल्लो भागमा पुग्ने क्रममा लेदो, ढुंगा, गिट्टी, बालुवा, काठका टुक्रा भेटिए । ठुला ढुंगा त ब्लास्ट नै गर्नुपर्‍यो । सुरुङको मुखभन्दा १५ मिटर माथिसम्म पुरिएको थियो । ५० मिटर जति नखनी मुखसम्म पुग्न सकिने अवस्था थिएन । १२ गते नै मैले त्यहाँ चाहिने सामानको एउटा सूची बनाएँ । १३ गतेसम्म सामान पुगे । समान पुगेपछि हामीले १३ गतेदेखि काम सुरु गर्‍यौँ । १४ गतेदेखि जनशक्ति र आवश्यक सामाग्री सबै लगेर काम सुरु गर्‍यौँ । ४ दिनमा सबै पन्छाएर सुरुङको मुखसम्म पुग्ने काम भयो ।

● समयमा नै विदेशी विज्ञको सहयोग लिएको भए सुरुङमा फसेकाको ज्यान जोगिन्थ्यो कि भन्ने गुनासो छ नि !

-यो कुरा त्यो ठाउँका लागि गलत हो किनभने त्यहाँ रहेका जो जो पावरहाउसको माथिल्लो तलामा हुनुहुन्थ्यो, उहाँहरू जीवितै हुनुहुन्थ्यो । १ जना जसको शव भेटियो, उहाँ पहिले नै चोटपटक लागेर क्षतविक्षत भएर हुलिया नै चिन्न नसकिने अवस्थामा हुनुहुन्थ्यो । त्यसो भएको हुनाले माथिल्लो भागमा रहेकालाइ सुरक्षित निकाल्न सकिन्छ भन्ने हाम्रो अनुमान पूर्णरूपमा सही ठहरियो । २ जना मात्रै माथिल्लो भागमा हुनुहुन्थ्यो अरू कोही हुनुहुन्थेन । त्यसैले जति छिट्टो जो गए पनि हुनै नसक्ने आधार भनेको सुरुमा टनेलमा पानी र लेदो भित्र पसेको थियो । स्थानीयले डाँडाबाट खिचेको भिडियो हामीले हेर्‍यौँ । त्यसमा ३१ जना सुरुङभित्रबाट बाहिर निस्कँदै भाग्दै गरेको देखिन्थ्यो । उहाँहरूलाई त्रिशूलीले बगाएको प्रष्ट देखिन्छ । त्यहाँ बेपत्ता ४२ जना मध्ये ३१ जना बगाएको देखिन्छ, २ जनाको जीवितै उद्धार भयो, १ जनाको शव भेटियो । अब थप ८ जना बेपत्ता देखिन्छन् । ती ८ जना भिडियोमा नदेखिने गरी कि त्रिशूलीले बगायो वा बगरमा पुरिए । नभए भागेर अहिलेसम्म सम्कर्पका नआएको हुनपर्‍यो, अरू विकल्प छैन ।

● उद्धारका लागि सरकारले प्राविधिकसँग खासै समन्वय गरेन भन्ने छ नि ?

-उद्धारमा जहाँ जहाँ मानिस जीवित हुनसक्ने त्यहाँ छिट्टो उद्धार गर्ने हो । प्राविधिक हिसाबले जहाँ जीवित हुने सम्भावना देखिन्न त्यस्तो ठाउँमा शव निकाल्ने बस्तु अवस्था बुझ्ने हो । जुन अहिले पछिल्लो समय पनि जारी छ । हामीले पाएको जानकारीमा त्रिशूली-३ 'ए' मा उद्धार भएपछि चिलिमेमा पनि ६ जना बेपत्ता छन् भन्ने कुरो आयो । पावरहाउसको माथिल्लो तलमा सुरक्षित हुन सक्छन् भनेर त्यहाँ पनि प्रयास गर्‍यौँ । चिलिमेमा हामीलाई विश्वास थियो, त्यहाँ खाने बस्नेदेखि भान्सा सबै उपलब्ध भएकाले धेरै दिन भए पनि जीवित उद्धार गर्न सकिएला । यता १९ गते सकार्यौं र २० गते चिलिमेमा गएर २१ देखि २८ गतेसम्म प्रयास गर्दा पनि सकिएन । त्यहाँको समस्या धेरै ठुलो थियो । १ किलोमिटर जति बाटो खन्नुपर्ने थियो । भित्रबाट ढुंगा बालुवा निकाल्ने बाटो खन्न नै ४ दिन लाग्यो । पावरहाउसको टपमा पुग्दा चिलिमेमा फरक देखियो । पहिलो टपमा पुगेको ढुंगा गिटी र पालुवाले माथिल्लो तलासम्मको सबै संरचना भत्काएको रहेछ । त्यसपछि माथिल्लो तलमा रहेको सबैलाई तल झारेर फलामले किचेर राखेको रहेछ । त्यसले सुरुमा नै त्यहाँ क्षति पुर्‍याएको देखिन्छ । त्यसैले यसमा हाम्रो क्षमताले भ्याएन भन्न मिल्दैन ।

● त्यसो भए त्यहाँ सुरुमा नै क्षति पुगेछ ?

-हो । त्यो सुरुङको अवस्था भनेको ६ मिटर चौडाइ र २५० मिटर लम्बाइको हो । सुरुङमा त्यहाँभित्र भएको हावासँगै माटो बालुवा पानीले लेदो ठेल्दै ठेल्दै भित्र लैजान्छ । उहाँहरू बसेको ठाउँमा हावा हुरी प्रेसरमा गएर अन्त्य सम्ममा पुर्‍यायो । अर्को कुरा संरचना नै सुरुमा नै हावाले भत्कायो । त्यसले उहाँहरू जोगिने अवस्था रहेन । २ घण्टाभित्र गएर उद्धार गर्न सकेको भए पनि सम्भव थिएन । त्यहाँ भत्किएका संरचना र उहाँहरूको चोटपटकले त्यही देखाउँथ्यो । संरचना जस्ताको जस्तै रहेको र उहाँहरूलाई चोटपटक नलागेर खान नपाएको कारण मृत्यु भएको भए उद्धारमा ढिला भयो भन्ने हुन सक्थ्यो । तर, त्यस्तो अवस्था थिएन ।

● खास गरेर सम्बन्धित हाइड्रोपावरका प्राविधिकसँग समन्वय भएन भन्ने छ नि ?

-त्यहाँ सबैसँग राम्रो समन्वय रह्यो । दुवै आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, विद्युत् प्राधिकरण, सम्बन्धित आयोजना र स्थानीय जनप्रतिनिधि सबैसँग समन्वय र संवादमा रहेर काम गरियो । सबैको सहकार्य र सहयोगमा उद्धारको काम सफल भएको हो । यसमा कोही एउटा पक्षको मात्र कामले सफलता मिलेको होइन ।

● हाम्रा हाइड्रोका टनेलहरूमा सुरक्षा उपायहरू पर्याप्त छन् कि कम भएका हुन् ?

–यस क्षेत्रमा मैले १२-१५ वर्ष सुरुङ निर्माणमा गरेको कामको अनुभवका आधारमा र अहिले प्रत्यक्ष रूपमा खटेर गरेको अनुभवका आधारमा मैले सरकारलाई केही कुरा सुझावका रूपमा बुझाएको छु । हाम्रो नदीको वहाव, क्षति र वस्तुस्थिति दर्शाएको छु । सुरुङ निर्माण गर्दाका सबै पक्ष, जस्तो प्रवेशद्धार बलियो फलामको अटोमेटिक बनाउनुपर्ने देखियो । अहिले जे छन् त्यसमा अझ सुरक्षा पर्याप्त बनाउनु पर्छ ।

● अब बनाउँदा के–के मा विशेष ध्यान दिनुपर्छ भन्ने लाग्यो ?

- नेपालको सुरुङ मार्ग बनाउँदा मापदण्ड नै बनाउन आवश्यक देखियो । बनेका मापदण्ड कार्यान्वयन गर्नेगरी सुरुङ बनाउनुपर्ने देखिन्छ । यसमा कतिले भाग्न मिल्ने टनेल बनाउने कुरा पनि गर्नुभएको छ । त्यसो गर्दा त्यो नै कोल्याप्स भए के गर्ने भन्ने प्रश्न पनि आउँछ । त्यसैले टनेल नै सुरक्षित हुने खालको बनाउन आवश्यक छ । थोरै खर्चमा सुरक्षित रहन सक्ने वातावरणयुक्त बनाउन आवश्यक छ । अर्को कुरा त्यहाँ काम गर्नेलाई तालिम दिएर केही भए, कति मिनेटमा कुन ठाउँमा पुग्ने भन्ने जानकारी दिने सिस्टम बनाउनु पर्छ ।

● यो बाढीले त हाम्रा हाइड्रोपावर सुरक्षित छैनन् भन्ने देखायो नि ?

–यो घटनाले हाम्रा हाइड्रोपावरहरू सुरक्षित छन् भन्ने देखाउँदैन । यसलाई सुरक्षित बनाउन बनिसकेका सुरुङमा ध्यान दिनुपर्ने एउटा पक्ष छ भने, नयाँ बनाउँदा डिजाइनमा, लोकेसनमा, पावरहाउस कहाँ बनाउने कस्तो बनाउने भन्ने हेर्दा सकेसम्म भूमिगत बनाउँदा सुरक्षित हुने देखिएको छ । यसरी त अहिले भएका कुनै पनि सुरक्षित नरहने भए । आउने दिनमा यी कुरामा ध्यान दिएर संसद्बाटै नीतिगत रूपमा अगाडि बढ्नुपर्छ । त्यसका लागि मापदण्ड बनाउन आवश्यक छ ।

● हाइड्रोपावरको डिजाइनमा नै केही परिवर्तन गर्नुपर्ने हो कि ?

कुनै पनि प्रवेशद्वार खुल्ला छोड्न नहुने, सबैमा ढोका राख्नुपर्ने, पावरहाउस जाने आउने सुरुङको प्रवेशद्वार नदी बगेर आउने पानीको विपरीत राख्नुपर्ने, जहिले पनि सुरुङ उकालो चढ्दै जाने बनाउनुपर्ने, घुम्तीहरूको आवश्यक छन् भने नदीको विपरीत बनाउने जस्ता डिजाइन गर्नुपर्ने देखिन्छ । त्यस्तै पावरहाउसको माथिल्लो तलामा चट्टानभित्रै सुरक्षित कोठा बनाउनुपर्ने देखिन्छ । त्यसमा भान्सा, खाद्य सामग्री, अक्सिजन सिलिन्डर र सञ्चारका व्यवस्था हुनुपर्छ । जति ठुलो बाढी आए पनि त्यसमा प्रभाव पार्न नसक्ने र भित्र सूचना आदान प्रदान गर्न मिल्ने बनाउनु पर्छ । साना खर्चमा पनि त्यसलाई व्यवस्थित गर्ने गरी बनाउन सुझाव दिएको छु ।

● तपाईं त सांसद पनि हो, फिल्डमा प्राविधिकको रूपमा काम गर्दागर्दै पनि विवादमा आउनुभयो नि ?

–नेपालको सामाजिक संस्कार, प्रवृत्ति र सोच मिश्रित प्रणालीको छ । एउटै सोच चिन्तन सबैको छैन । त्यसकारण त्यसलाई मैले सामान्य रूपमा लिएको छु । कसैलाई के लाग्छ कसलाई के । जसलाई जेलाग्यो, त्यहीअनुसार अभिव्यक्त गर्दा प्रतिक्रिया आउनु स्वाभाविक हो । कसैलाई मैले गरेको राम्रो लाग्यो होला कसैलाई लागेन । कतिले बुझे होलान् कतिले बुझेनन् वा ज्ञान भएन र प्रतिक्रिया आयो । मैले यसलाई स्वाभाविक रूपमा लिएको छु ।

● तपाईंलाई पार्टीले फिर्ता बोलाएको कुरा के हो ?

-जब १७ गते सुरुङको मुख पहिचान भएर उद्धार टोली ३० मिटरभित्र गइसकेको थियो । त्यसमा नेपाली सेनाको तालिम प्राप्त रेस्क्यू टिम पनि थियो । ३० मिटरभित्र पुगेपछि मैले पनि त्यो सूचना देखेँ । त्यो आयोजनमा मैले आफैँले जनशक्ति, उपकरणसमेत व्यवस्थापन गरेर काम सुरु गरेको थिएँ । त्यो देख्ने बित्तिकै म त्यहाँबाट फर्कने अवस्था थिएन । तर, प्रतिक्रिया दिनु स्वाभाविक थियो । किनकि भोलिपल्ट हामी गन्तव्यमा पुग्दै थियौँ । त्यति विश्वासका साथ काम गरिरहँदा त्यस्तो सूचना आएपछि मैले प्रतिकृया दिएको हुँ । त्यसपछि मैले पार्टी सभापति र प्रधानमन्त्रीको सचिवालयमा भेटेर कुरा गरेँ । त्यसपछि मलाई जानकारी भयो त्यो पार्टीले गरेको निर्णय थिएन । त्यसपछि संसदीय दलको उपनेताले फिर्ता आउन निर्देश गर्दछु भनेको कुरालाई खण्डन गर्नुभयो । यसलाई मैले मिसअन्डर्स्टान्डिङ हो भन्ने बुझेको छु ।

● टनेलको बारेमा विज्ञ प्राविधिकहरूको कमी भएर तपाई आफैं खट्नुपरेको हो ?

–मैले मेलम्ची खानेपानी आयोजना, नागढुंगा सुरुङमार्ग आयोजना, जलविद्युत् आयोजनामा आफैँले जनशक्ति, मेसिन उपकरण, निर्माण सामग्री र प्राविधिक पक्ष आफैँले हेरेर, आफैँ योजना निर्देशक भएर साइडमा बसेर काम गरेँ । मेरो त्यो अनुभव भएको हुनाले त्रिशूली-३ 'ए' मा प्लस प्वाइट के भयो भने गएको २ घण्टामा चाहिने सबै सामानको लिस्ट दिनसकेँ । उद्धारका लागि यी यी सामान चाहिन्छ भनेर तत्कालै लिस्ट बनाएँ । तर, १२-१५ वर्ष सुरुङमा काम गरेको अनुभव भएर मात्रै हुँदैन । जनशक्ति, मेसिन उपकरण, निर्माण सामग्री, प्राविधिक सबै पक्षको काम गरिसकेको अनुभव कमै मानिससँग हुनसक्छ । १ जना व्यक्तिले १ घण्टाभित्रै यी-यी सामान चाहिन्छ भनेर माग्नु सामान्य होइन । त्यहाँ त नटबोल्ट, क्ल्याम्प, कमप्रेसर मेसिन, ड्रेलिङ मेसिनदेखि आवश्यक सबै सामानको जोहो गर्न लगाउनु थियो । ती सामान कहाँ पाइन्छ भन्नेसम्मको जानकारी गराउनु थियो । अर्को कुरा त्यसका लागि कस्ता जनशक्ति आवश्यक छन् भनेर सुझाउनु थियो । मैले त्यसका लागि लाग्ने खर्चको समेत जानकारी गराउनु थियो । त्यहाँ तिनै अनुभवले काम गरेको हो ।

● यो घटनाले हामीलाई आउने दिनका लागि पनि गतिलो पाठ सिकायो होला होइन ?

-एकदम । यसले धेरै पाठ सिकाएको छ । त्यहाँ बस्ती उजाड भएका छन् । हुन त विकसित देशमा पनि यस्ता प्राकृतिक विपत्ति हुन्छ । संसारभरी अनेक प्रकारका विपत्ति आइरहन्छ । त्यसको सूचना पनि हुँदैन । त्यसलाई अब वैज्ञानिक व्यवस्थापन गर्नका लागि र क्षति न्यूनीकरण गर्नका लागि पूर्व तयारी जरुरी छ । अब मानवीय क्षति कम्तिमा पनि शून्य बनाउन सक्ने अवस्था हुनुपर्छ । त्यसका लागि माथिल्लो बेल्टमा त्यस प्रकारका बाढी आएको छ भने, तल्लो बेल्टमा तुरुन्त सूचना हुने प्रणाली विकास गर्न सक्छौँ । त्यो संसारभर जहाँ पनि छ । अब सूचना हुँदा हुँदै अटेर वा हेलचक्राइ गर्ने आफ्ना सामानको खोजी गरेर दुर्घटना भएका धेरै देशमा उदाहरण छन् । हाम्रो यहाँ पनि कतिपय स्थानमा ६ मिनेट अगाडि आएको सूचनालाई बेवास्ता गरेर घरको छतमा बसेर भिडियो खिचेर बसिरहेका मानिसलाई बगायो । भिडियो खिचेर बस्नुभन्दा डाँडातिर गएको भए जोगिन्थ्यो होला ! त्यसैले अब अलर्ट, वार्निङ सिस्टम आवश्यक छ । जहाँ जहाँ त्यस्ता दुर्घटना हुन सम्भावना छन् त्यस्तो तटीय क्षेत्रमा यो आवश्यक छ । अर्को भनेको क्षतविक्षत भएको बस्तीलाई अवसरका रूपमा लिएर योजनाबद्ध कार्यक्रम बनाई सबै सुविधासहितको बस्ती विकास काम गर्न सकेँ । भोलि कर्णालीदेखि अरू दुर्गम पहाडि भेगमा छरिएर रहेका बस्तीलाई नमुना बनाउन सकिन्छ ।

● हाइड्रो टनेल डिजाइन र निर्माणका बेला अहिलेको जस्तो अवस्था कल्पना गरिन्न ?

-यसमा अलि सोच्नुपर्ने देखिन्छ । मैले माथि पनि भनेँ । हामीले जति सोच्नुपर्ने थियो, सोचिएन । अब नीतिगत रूपमा मापदण्ड बनाएर काम गर्नुपर्छ ।

● यी टनेल र पावर हाउस फेरि सञ्चालन गर्न सकिन्छन् कि सकिन्नन् ? कति खर्च हुन्छ ?

-टनेल सबै सुरक्षित छन् । कतै कतै सामान्य मर्मत गरेर हुन्छ, सुरुङमा कतै समस्या छैन । सुरुङभित्र पसेको लेदो र पानीका कारणले त्यहाँ रहेका संरचनामा चाहिँ क्षति पुगेको छ । कहीँ कहीँ पावरहाउसमा नै क्षति पुगेको छ । कहीँ इलोक्ट्रो मेकानिकलमा क्षति पुगेको हुन सक्छ । त्यो सरसफाइ गरिसकेपछि मात्रै भन्न सकिने अवस्था हुन्छ । अहिले मोटामोटी हेर्दा नदीमा बनेका बाँध जति सबै ध्वस्त छ, शून्यमा पुगेको छ । पूरै नयाँ निर्माण गर्नुपर्छ । बाँधमा कुल आयोजनाको २० देखि ३० प्रतिशत खर्च हुन्छ । भित्रको सरसफाइ र मर्मतमा धेरै ठुलो लागत लाग्दैन । मुख्य क्षति भनेको पावरहाउस हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलमा क्षति पुगेको छ भने लागत बढ्छ । त्यसरी बढ्दै जाँदा मोटामोटी २५ देखि ६० प्रतिशतसम्म कुल लागतको थप खर्च पुनर्निर्माणका लागि लाग्न सक्छ । सयय अवधिका हिसाबले हेर्दा मेरो प्राविधिक अनुभवका आधारमा हेर्दा एउटा बाँधका लागि कतिपय आयोजनालाई डेढवर्षसम्म समय लाग्ने देखिन्छ । त्यो समयमा अरू संरचना बनाउन र सरसफाइ गर्न सकिन्छ । त्यो पनि क्षतिको अवस्था हेरेर ६ महिनादेखि २ वर्षसम्म लाग्न सक्छ ।

● पुरिएका टनेल भेट्टाउनै कठिन भयो । नक्सा वा अन्य कुनै अभिलेख हुन्न र ?

-त्यो समस्या होइन । सर्वेक्षणबाट सबै निस्कन्छ । १० गते बाढी आयो ११ गते कहाँ हो भनेर पत्ता लगाउन नसकेको अवस्थाचाहिँ हो । १-२ दिन भित्र नै पत्ता लगाउन समस्या भएको हो । तर, सर्वे गरेर सुरुङको मुखसम्म पुग्नै समस्या भएको चाहीँ होइन । अब भने, सरकारको पहिलो काम बाटो बनाउनु पर्छ । बाटो नबनी त्यहाँ पुगेर काम गर्न सकिन्न । पहिलाकै अवस्थामा सडक पुर्‍याउन पर्छ । त्यसपछि अरू काम गर्न सजिलो हुन्छ । यसलाई प्राथमिकतामा राख्नुपर्छ ।

● हाइड्रोपावरको पुनर्निर्माणचाहिँ कसरी गरिन्छ । पुरानै संरचनामा वा नयाँ ?

-यो आयोजनाको प्रकृतिअनुसार हुन्छ । सबैजसो संरचना भूमिगत भएका आयोजना पनि हुन्छन् । कुनै नदीको किनारमा बाहिर पनि हुन्छ । पावरहाउस बाहिर नै भएर पूरै क्षति पुगेको छ भने, त्यसलाई भूमिगत बनाउन पर्दा संरचना नै नयाँ चाहिन्छ । कसैको भित्रै भएको र क्षति धेरै नभएको भए पूरानै संरचनामा पनि हुन्छ । त्यसैले आयोजनाको प्रकृति र क्षतिअनुसार पुनर्निर्माण हुन्छ ।

● तपाईं सत्तारूढ पार्टीको सांसद पनि हो, तपाईंसँगै अन्य प्राविधिकलाई काम गर्न असहज महसुस त पक्कै हुन्छ होला नि ?

-म सकेसम्म सांसद भनेर चिनिन नै चाहेको थिइनँ । सुरुका दिनमा त धेरैले चिन्दै चिनेनन् । काठमाडौँबाट सँगै हेलिकोप्टरमा जानेले पनि त्यहाँ काम गर्ने ठेकेदार होला भन्ने ठानेको पाएँ । जब चिन्न थाले, मैले सुरुमै भने मलाई माननीय नठान्नु । त्यहाँ सबैभन्दा बढी अपरेटरले काम गर्नुपर्थ्यो । उनीहरूले माननीय ज्यू भन्दा मैले म माननीय होइन, म इन्जिनियर हुँ भन्थेँ । धेरै त नागढुंगामा मेरै कम्पनीमा काम गरेका पनि थिए । त्रिशूली-३ 'ए' मा परेका ४२ मध्ये १५ जना त पहिला मेरै कम्पनीमा काम गरेका कामदार पनि रहेछन् । नेपाली सेनाको इन्जिनियर पनि मेरै विद्यार्थी हुनुहुँदो रहेछ । त्यहाँ मैले सांसदका रूपमा भन्दा पनि अनुभवी प्राविधिकका रूपमा काम गरेर असहज महसुस भएन ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो पर्सा, चितवनको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०६/०५ गते सौर्य दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ असोज १२ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पुरानो पर्सा, चितवनमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१. **सैलेश तिमिल्सीना** ना.प्र.नं.- २२१८/०४४ जारी मिति - २०५९/०९/०९ जि.प्र.का. चितवन बाबु - प्रेम लाल तिमिल्सीना बाजे - गोपीलाल जैशी स्थायी ठेगाना- चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना -चितवन जिल्ला, खैरहनी न.पा वडा न. ०९	१. **प्रेम लाल तिमिल्सीना**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा. वडा नं. ३/३ग स्थित कित्ता नं. ७६१ को क्षे.फ. ०-१-१६ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **प्रेमलाल तिमल्सीना** ना.प्र.नं.- ८२३ जारी मिति - २०३६/०४/०६ जि.प्र.का. चितवन बाबु - गोपीलाल जैशी बाजे - नितुलाल स्थायी ठेगाना- चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना -चितवन जिल्ला, खैरहनी न.पा वडा न. ०९	२. **रोशनी शर्मा (तिमिल्सीना)** ना.प्र.नं.- ३५१०१/१५४९ जारी मिति - २०७०/०१/०९ जि.प्र.का. चितवन बाबु - युवराज शर्मा बाजे - खडा नन्द शर्मा पति - सैलेश तिमिल्सीना स्थायी ठेगाना- चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना -चितवन जिल्ला, खैरहनी न.पा वडा न. ०९

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८३ असोज ११ गते** भित्र बैंकको शाखा कार्यालय पुरानो पर्सा, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुरानो पर्सा, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८३ असोज १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय पुरानो पर्सा, चितवनमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पुरानो पर्सा, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८३ असोज १२ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुरानो पर्सा फोन नं. ०५६-५८२६३९/४९

पाकिस्तानमा सुरक्षा कारबाहीबाट ५ लडाकु मारिए, २३ नागरिकको उद्धार

एजेन्सी

इस्लामाबाद । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा सुरक्षा बलले सञ्चालन गरेको कारबाहीमा ५ जना लडाकु मारिएका छन् भने २३ जना अपहरित नागरिकको उद्धार गरिएको पाकिस्तानी सेनाले जनाएको छ । सेनाको सञ्चार तथा जनसम्पर्क शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आइएसपिआर) का अनुसार शुक्रबार राति कलात नजिकै पाकिस्तान हाइवे (एन-२५) मा लडाकुहरूले यात्रुहरूलाई अपहरण गरी फिरौती असुल्ने, रकम उठाउने तथा सवारीसाधन कब्जा गर्ने उद्देश्यले अवैध चेकपोस्ट स्थापना गर्न खोजेका थिए ।

लडाकुहरूको गतिविधिबारे जानकारी पाएपछि सुरक्षा बलले तत्काल कारबाही अघि बढाएको थियो । त्यस क्रममा भएको गोली हानाहानमा ५ जना लडाकु मारिएको आइएसपीआरले जनाएको छ । सुरक्षा बलले त्यसपछि लडाकुहरूको एउटा आश्रयस्थलमा छापा मारेर २३ जना अपहरित नागरिकलाई सकुशल उद्धार गरेको थियो । कारबाहीका क्रममा लडाकुहरूले कब्जामा लिएका भनिएका ६ वटा ट्रक, ३ वटा बस र २ वटा कारसमेत बरामद गरिएको सेनाले जनाएको छ ।

त्यसैगरी, सुरक्षा बलले ठुलो परिमाणमा हतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थ पनि बरामद गरेको जनाएको छ । सेनाका अनुसार घटनापछि आसपासका क्षेत्रमा थप लडाकुहरूको खोजी तथा सुरक्षा कारबाही जारी छ । रणनीतिक महत्त्वको उक्त राष्ट्रिय राजमार्गमा स्थानीय बासिन्दा तथा यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न र यातायात सञ्चालनलाई सुरक्षित बनाउन सुरक्षा बलले निगरानी तथा खोजी अभियानलाई निरन्तरता दिएको जनाएको छ ।

Champadevi Rural Municipality
Office of the Rural Municipal Executive
Kalika, Okhaldhunga

Invitation for Bids

Invitation for Bids No: CDRM/OKH/NCB/WORKS/01/2083/084

Date of publication: 2026/09/21

1. Champadevi Rural Municipality, Kalika Okhaldhunga invites sealed bids (Hard Copy) from Nepalese eligible bidders for the construction of KAKANI-KALPESHOWE-DHUNDHUNGI SADAK YOJANA under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 97,49,148.76/-
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Champadevi Rural Municipility, Kalika Okhaldhunga.
3. A complete set of Bidding Documents may be purchased from the office of Champadevi Rural Municipility ,Kalika Okhaldhunga by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000 till 2026/10/12 during office hours in the account as specified below.

Name of the Bank	**: Agriculture development bank**
Name of Office	**: Champadevi Rural Municipality**
Office Code no.	**: 80110502300**
Account no.	**: 1125701782616052**
Rajaswa (revenue) Shirshak no.	**: 14229**

4. Pre-bid meeting shall be held at Champadevi Rural Municipality Kalika Okhaldhunga at 2026-10-05 13:00 PM
5. Sealed bids (Hard copy) must be submitted to the office Champadevi Rural Municipality Kalika Okhaldhunga by hand. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2026-10-12 , 12:00 pm at the office of Champadevi Rural Municipality Kalika Okhaldhunga
7. Bids must be valid for a period of 120 from the bid submission deadline and must be accompanied by a bid security of the bid security, amounting to a minimum of 2,40,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.

   Or can deposit the bid security amount to the following bank account of the office amounting to a minimum of NRs. 2,40,000, which shall be valid for 30 days beyond the validity period of the bid

   For Bid Security :

Name of the Bank	**: Agriculture development bank**
Account Name	**: CHAMPADEVI GA.PA.DHARAUTI GA-3.1**
Account No.	**: 1125701782616044**

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. Champadevi Rural Municipality reserves the right to reject or accept or cancel any bid partially or fully, without assigning any reason.

Chief Administrative officer

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Gorkha Road Project, Gorkha
Invitation for Sealed Bids/ Quotation

Tender Notice No: *T2-083/84*

Date of Publication: (2083/06/05 B.S)

1. ***Gorkha Road Project, Gorkha*** invites sealed bids from eligible bidders for the construction of following Works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedure.

Contract ID	Description of work	Estimated Amount without VAT, (NRs.)	Bid Document Fee (NRs.)	Bid Security Amount (NRs.)	Bid/ Bid Security Validity Period
GRP/33701119-4/083/84-2	Maintenance of Benighat- Aarughat-Larke Road (Ch-15+000-Ch-46+000), Gorkha	1,721,247.90	1,000	45,000	45/ 75 days
GRP/33701119-4/083/84-3	Upgrading (Blacktop Works) of Benighat-Arughat-Larke Road (Ch:-47+000-Ch:-52+000), Gorkha	17,112,853.79	3,000	450,000	90/ 120 days
GRP/33701112-4/083/84-4	Improvement (Structure, Blacktop and Rigid Pavement) of 12 kilo-chhepetar-Arkul and Mausuli-Barpak Road.	NA	5,000	1,500,000	90/ 120 days

2. Pre-bid meeting, bid submission and opening shall take place at ***Gorkha Road Project Gorkha*** on following date and time:

Contract No.	Pre-Bid Meeting		Bid Submission		Bid Opening	
GRP/33701119-4/083/84-3 & GRP/33701112-4/083/84-4	13 Hrs	2083/06/16 B.S	12 Hrs	2083/06/27 B.S	13 Hrs	2083/06/27 B.S
GRP/33701119-4/083/84-2, SQ	NA		12 Hrs	2083/06/13 B.S	13 Hrs	2083/06/13 B.S

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Gorkha Road Project, Gorkha or*** may visit Office website https://www.dor.gov.np/gorkharoad**.**
4. Eligible Bidders can obtain the Bidding Documents from the Gorkha Road Project office, Gorkha, during office hours ***up to 24 hours before the bid submission deadline***. Applicants must submit a written application, a copy of their firm registration certificate, and proof of payment for the non-refundable fee to the bank account listed below.

Office Name	Bank Name	Revenue Account No. (For Bid Document Fee)	Dharauti Account Details	Revenue Head	Office Code
Gorkha Road Project	Rastriya Banijya Bank	1000100200010000	3060100102030000 (Ko. Le. Ni. Ka, Gorkha)	14229	337013601

5. Bids received after deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend. Bids must be valid for a period of specified above from the bid submission deadline and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

PROJECT MANAGER

पूर्णबहादुरलाई घाँडो...

उनले विचाराधीन मुद्दालाई परिस्थितिको गम्भीरता आकलन गर्दै अग्राधिकार राख्ने प्रबन्ध गर्न मिलेमा यथाशीघ्र अन्तिम फैसला गर्न सर्वोच्च अदालतलाई आग्रहसमेत गरेका छन् । 'विचाराधीन नेपाली कांग्रेसको पुनरवलोकनको मुद्दालाई यहाँहरूको मूल्यांकनमा परिस्थितिको गम्भीरताको आकलन गर्नु भई मुद्दालाई अग्राधिकार राख्ने प्रबन्ध गर्न मिल्छ भने अन्तिम फैसला कृपया यथाशीघ्र गरिदिनुहोस्,' खड्काले भनेका छन्, 'सर्वोच्च अदालतको अन्तिम फैसला हाम्रा लागि स्वीकार्य हुनेछ ।'

७३ जिल्लामा वडा अधिवेशन सम्पन्न...

रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व), रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, रुकुमपश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, जाजरकोट, दैलेख, सुर्खेत, बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्लामा पनि अधिवेशन सम्पन्न भएको जानकारी गराइएको छ ।

केन्द्रीय निर्वाचन समितिबाट प्रकाशित कार्यतालिकाअनुसार रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक सप्तरीको क्षेत्र नं. २ र ४, सिरहा, मोरङ क्षेत्र नं. ६, रौतहट क्षेत्र नं. १, सर्लाही क्षेत्र नं. २, परासी क्षेत्र नं. २ र आइतबार छुटेका अन्य सम्पूर्ण वडाको अधिवेशन आज सोमबार गरिने जनाइएको छ ।

कांग्रेसको निर्वाचन कार्यतालिकाअनुसार गाउँ-नगरपालिका अधिवेशन ७ असोज, प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन १० असोजमा गर्दै केन्द्रीय महाधिवेशन १६-१९ असोजमा हुनेछ ।

असोज दोस्रो...

विभिन्न अन्तर्राष्ट्रिय मौसम पूर्वानुमान मोडलका नक्साका आधारमा केही मौसमविद्ले असोज ८ देखि १२ गतेसम्म नेपालमा वर्षाको गतिविधि उल्लेख्य रूपमा बढ्न सक्ने सम्भावना सार्वजनिक गरेका छन् । निश्चित क्षेत्रमा ४०० मिलिमिटरभन्दा बढी वर्षाको संकेत देखिएको र केही अवस्थामा अझ बढी वर्षाको प्रक्षेपण सार्वजनिक भइरहेको छ । विभागले भने अहिले नै 'भारी वर्षा' भन्दा पनि 'वर्षाको सम्भावना' रहेको भनेर बुझ्नुपर्ने बताएको छ ।

भारतको मौसम विभागले सार्वजनिक गरेको पछिल्ला विवरणअनुसार बंगालको खाडीमा बनेको न्यूनचापीय प्रणाली क्रमशः बलियो हुँदै ओडिसा-उत्तर आन्ध्र प्रदेशतर्फ सर्ने संकेत गरेको छ भने उक्त प्रणाली सेप्टेम्बर २३ आसपास तटीय क्षेत्रमा पुग्ने सम्भावना रहेको उल्लेख छ ।

अहिले नै कुन स्तरको वर्षा हुने र त्यसको प्रभावबारे यकिन गर्न नसकिने भए पनि सम्भावित वर्षा र त्यसको जोखिमलाई भने बेवास्ता गर्न नहुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । विशेष गरी लगातार वर्षा भएको अवस्थामा थप वर्षाले पहिरो, बाढी, डुबान तथा नदी-खोलामा पानीको सतह बढ्ने जोखिम बढाउन सक्ने हुनाले पूर्वतयारीको अवस्थामा रहनु नै उचित हुने प्राधिकरणकी प्रवक्ता शान्ति महत बताउँछिन् ।

फोहोर व्यवस्थापनमा...

२ वा बढी स्थानीय तहले साझा केन्द्र प्रयोग गर्न सक्ने र यसका लागि लिखित समझदारी तथा कार्यकारी समिति गठन गर्नुपर्ने व्यवस्थासमेत विधेयकमा गरिएको छ ।

फोहोर व्यवस्थापन स्थलबाट उठ्ने सेवा शुल्कको ७० प्रतिशत रकम प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।

उल्लंघन गर्नेलाई फौजदारी मुद्दा लगाउन सकिने

विधेयकले फोहोर व्यवस्थापनसम्बन्धी नियम कार्यान्वयन गराउन कसुर र सजायको कडा व्यवस्था गरेको छ । स्थानीय तहले जरिमाना गर्न सक्ने र केही गम्भीर कसुरमा प्रमुख जिल्ला अधिकारीले जरिमानासहित कैद सजायसमेत गर्न सक्ने अधिकार दिइएको छ ।

विधेयकको दफा ५३ मा विभिन्न कसुरहरू बारे उल्लेख छ भने ती कसुरअनुसारको सजाय दफा ५४ मा तोकिएको छ ।

विधेयकमा कसुरअनुसार ५०० देखि १० लाख रुपैयाँ र ३ महिनाको कैदसमेत तोकिएको छ । जसमा सार्वजनिक स्थानमा राखिएको डस्टबिन तोडफोड गर्ने वा क्षति पुऱ्याउनेलाई १५ हजारदेखि ५० हजार रुपैयाँसम्म जरिमाना र डस्टबिन मर्मत वा नयाँ खरिद गर्न लागेको खर्चसमेत असुल गरिने व्यवस्था छ । त्यस्तै, कानुनविपरीत व्यावसायिक रूपमा फोहोर व्यवस्थापन गरेमा १५ हजारदेखि ५० हजारसम्म जरिमाना हुने उल्लेख छ ।

त्यस्तै, डस्टबिन वा फोहोर थुपार्ने ठाउँमा हानिकारक पदार्थ फालेमा ५ हजारदेखि १५ हजारसम्म, घरको फोहोर सडक वा सार्वजनिक स्थानमा फालेमा, गाडेमा, थुपारेमा वा जलाएमा ५ हजारदेखि १५ हजारसम्म, फोहोरबाट निस्किएको दूषित पानी वा ढलले अरूको सम्पत्ति प्रदूषित गरेमा ५ हजारदेखि १५ हजारसम्म जरिमाना गर्न सकिने व्यवस्था विधेयकमा गरिएको छ ।

सरसफाइ वा फोहोर संकलनका बेला सडकमा सवारीसाधन रोकेमा १ हजारदेखि ५ हजारसम्म जरिमाना गर्न सकिने उल्लेख छ । तोकिएको ठाउँबाहेक अन्य स्थानमा जोखिमयुक्त फोहोर फालेमा ३० हजारदेखि ५० हजारसम्म र रासायनिक, उद्योग, स्वास्थ्य संस्था वा अन्य निकायले जोखिमयुक्त फोहोर तोकिएको ठाउँबाहेक अन्यत्र फालेमा ५० हजारदेखि १ लाखसम्म जरिमाना र सोही कसुर पुनः गरेमा पहिलो पटकको जरिमानाको दोब्बर हुने प्रावधान छ ।

फोहोर संकलन, ढुवानी, व्यवस्थापन वा विसर्जनमा अवरोध गरेमा २ तहको सजायको व्यवस्था छ । जसमा स्थानीय तहबाट ५ हजारदेखि १५ हजारसम्म जरिमाना र गम्भीर प्रकृतिको अवरोध भएमा प्रमुख जिल्ला अधिकारीले १० हजारदेखि ५० हजारसम्म जरिमाना वा १५ दिनदेखि ३ महिनासम्म कैद वा दुवै गर्न सक्ने व्यवस्था विधेयकमा गरिएको छ ।

फोहोर संकलन, ढुवानी, अन्तिम विसर्जन स्थलमा बन्द, घेराउ वा हड्ताल गरेमा १० हजारदेखि ५० हजारसम्म जरिमाना वा १५ दिनदेखि ३ महिनासम्म कैद वा दुवै सजायको व्यवस्था गरिएको छ । यसका साथै, सार्वजनिक स्थानमा राखिएको पोस्टर, पम्प्लेट, पर्चा, भित्तेलेखन वा झन्डा नहटाएमा ५० हजारदेखि २ लाखसम्म जरिमाना हुने व्यवस्था विधेयकमा छ ।

यसका अलावा स्थानीय तहले तोकेको समय, स्थान वा तरिकाविपरीत फोहोर निष्कासन गरेमा प्रत्येक पटक ५०० रुपैयाँ, फोहोर उत्पादक वा व्यक्तिले स्रोतमै फोहोर नछुट्याए घरहरूको हकमा प्रत्येक पटक ५०० रुपैयाँ र संस्था वा निकायलाई प्रत्येक पटक ५० हजार रुपैयाँसम्म जरिमाना हुने व्यवस्था गरिएको छ ।

त्यसैगरी फोहर संकलन, ढुवानी वा विसर्जनमा अवरोध, बन्द, घेराउ वा हड्ताल जस्ता कसुरमा भने कैदसमेत हुने व्यवस्था छ । दफा ५४(२) अनुसार यसमा प्रमुख जिल्ला अधिकारीलाई जरिमाना, कैद वा दुवै सजाय गर्न सक्ने अधिकार प्रस्ताव गरिएको छ । त्यस्तै, फोहर संकलन तथा ढुवानीमा अवरोध पुऱ्याउने र बन्द, हडताल गरे त्यस्ता कसुरमा फौजदारी कसुरमा सरकारवादी मुद्दा लाग्ने व्यवस्था गरिएको छ ।

प्रभावित क्षेत्रमा आम्दानीको ७० प्रतिशत खर्चिनुपर्ने

फोहोर व्यवस्थापन स्थल आसपास बस्ने नागरिकको असन्तुष्टि सम्बोधन गर्न दफा २३ मा प्रभावित क्षेत्र संरक्षणको व्यवस्था गरिएको छ । ती स्थलमा सडक, खानेपानी, ढल, सरसफाइ, विद्यालय, स्वास्थ्य संस्था खोल्नुपर्ने र रोजगारीमा स्थानीय बासिन्दालाई नै प्राथमिकता दिनुपर्ने प्रस्ताव विधेयकमा छ ।

त्यसैगरी स्थानीय तहले फोहोर व्यवस्थापनबापत सेवा शुल्क उठाउन सक्ने र त्यस्तो शुल्क फोहोरको परिमाण, तौल तथा प्रकृतिका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उठेको शुल्क वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनमा खर्च गरेपछि बाँकी रकमको ७० प्रतिशत प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नुपर्ने बाध्यकारी प्रावधान राखिएको छ ।

प्रस्तावित विधेयकमा स्थानीय तहले निजी क्षेत्रबाट फोहोर व्यवस्थापन गराउँदा प्रतिस्पर्धाबाट छानिएको अनुमतिपत्र प्राप्त संस्थामार्फत गराउनुपर्ने व्यवस्था गरेको छ ।

Qatar मा रोजगार WRSHH MT GHLAS पुन विज्ञापन

पूर्व स्वीकृत मिति: २०८२/११/१० चलानी नं.: ६०२५२८०५ LT No.: 339379

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Labour	2	0	साधारण	1000	३९,९२०।-	क.सि. अनुसार	८ घण्टा	६ दिन	क.सि. अनुसार	रु	२ वर्ष

रुजुवेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति तान्ने	भिसामा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	रुजुवेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति तान्ने	रोजगारमा फिर्ता हुने /गएको र कसले व्यहोर्ने	भिसा शुल्क कसले तिर्ने र कति तान्ने	भिसा शुल्क कसले तिर्ने रकति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,४९६।- कामदार आफैले	रु. १,२००।- कामदार आफैले	रु. २,१००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८३ असोज १२ गते (28 Sept., 2026) यस प्रा. लि. कार्यालय सागाखुसी काठमाडौमा हुनेछ ।

Rose Employment Service Pvt. Ltd. Gov. Lic. No.: 844/066/067
Samakhusi -26, Townplanning, Kathmandu, Tel.: 01-4970401, 4970402

द गोर्खा भिलेज रिसोर्ट लिमिटेड
पोखरा म.न.पा. १४ कास्की

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।०५)

शेयरधनी महानुभावहरू,

मिति २०८३/०६/०४ गते आईतबार बिहान ९:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८०, आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, स्थान र समय :

मितिः २०८३/०६/२६ गते,सोमबार अर्थात अक्टोबर १२, २०२६ ।

स्थानः कम्पनीको रजिष्टर्ड कार्यालयल

समयः बिहान ११:०० बजे ।

छलफलका विषयहरुः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७९/०८०,आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०७९/०८०, आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरणहरु वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

सिटिजन्स बैंकद्वारा सेती प्रादेशिक अस्पताललाई सहयोग



काठमाडौँ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सेती प्रादेशिक अस्पतालको डायलासिस युनिटलाई रिभर्स ओस्मोसिस प्रणाली उपलब्ध गराई सहयोग प्रदान गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत धनगढी १ कैलालीमा रहेको अस्पताललाई उक्त सहयोग प्रदान गरेको हो ।
सेती प्रादेशिक अस्पतालमा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले अस्पताललाई सहयोग स्वरूप अस्पतालको डायलासिस एकाइका लागि आरओ प्रणाली हस्तान्तरण गरेका हुन् ।
सो सहयोगले सुदूरपश्चिम प्रदेशभरका मिर्गौला रोगी बिरामीहरूलाई प्रदान गरिने डायलासिस सेवालाई थप सुदृढ बनाउने बैंकको दाबी छ । अस्पतालको डायलासिस युनिटले हाल २१ वटा डायलासिस मेसिनमार्फत ३ सिफ्टमा करिब २४२ जना नियमित बिरामीहरूलाई सेवा प्रदान गरिरहेको छ ।
अस्पतालको तत्काल आवश्यकतालाई मध्यनजर गर्दै बैंकले अस्पताल व्यवस्थापन टोलीसँग छलफल गरी सबैभन्दा प्राथमिक आवश्यकता पहिचान गरेको थियो । सोहीअनुसार, डायलासिस युनिटका लागि दिगो र सुरक्षित उपचार सेवा सुनिश्चित गर्न आवश्यक पर्ने प्रणालीको स्थापनालाई सर्वोच्च प्राथमिकतामा राखिएको हो ।

‘मंगलदीप सेन्ट ३ इन १’ बजारमा

काठमाडौँ । सूर्य नेपाल प्रालिको सहायक कम्पनी सूर्य नेपाल भेन्चर्स प्रालि (एसएनभिपिएल)ले ‘मंगलदीप सेन्ट ३ इन १’ अगरबत्ती नेपाली बजारमा सार्वजनिक गरेको छ । नयाँ उत्पादनमा परफ्युमबाट प्रेरित ३ प्रिमियम सुगन्ध–‘एब्सोल्युट’, ‘रोयल’ र ‘इन्टेन्सिटी’–लाई एउटै प्याकमा समावेश गरिएको कम्पनीले जनाएको छ ।

परम्परागत सुगन्धलाई आधुनिक अनुभवसँग जोड्ने उद्देश्यले विकास गरिएको ‘मंगलदीप सेन्ट ३ इन १’ नेपाली उपभोक्ताको बदलिँदो रुचि र जीवनशैलीलाई ध्यानमा राखेर तयार गरिएको कम्पनीको भनाइ छ । कम्पनीका अनुसार अगरबत्ती चारकोलरहित हुनुका साथै लामो समयसम्म सुगन्ध कायम रहने विशेषतासहित तयार गरिएको छ । एउटै प्याकमा ३ फरक सुगन्ध उपलब्ध भएकाले उपभोक्ताले आफ्नो रुचि, मनोभाव वा अवसरअनुसार छनोट गर्न सक्नेछन् ।

सूर्य नेपाल प्रालिका प्रबन्धनिर्देशक गौरव तायलले नयाँ उत्पादनले नेपाली उपभोक्ताका लागि नवीन र सोचविचारपूर्वक तयार गरिएका उत्पादन ल्याउने कम्पनीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताए । उनले परफ्युमबाट प्रेरित तथा चारकोलरहित सुगन्धमार्फत उपभोक्तालाई थप आनन्ददायी दैनिक अनुभव प्रदान गर्ने उद्देश्यले उत्पादन विकास गरिएको बताए ।



लामो समयदेखि अगरबत्तीको बजारमा स्थापित मंगलदीपले ‘सेन्ट ३ इन १’ मार्फत आफ्नो उत्पादन पोर्टफोलियो थप विस्तार गरेको छ । कम्पनीको पोर्टफोलियोमा चन्दन, चम्पा, अर्पण, ज्यास्मिन, म्यारिगोल्ड र ल्याभेन्डरलगायत विभिन्न सुगन्धका अगरबत्ती छन् ।

गणेश चोक शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस लक्ष्मी सन्राइज बैंक लि. काठमाडौं जिल्ला, बुढानीलकण्ठ नगरपालिका वडा नं. ६, गणेश चोक स्थित शाखा कार्यालय मिति २०८३ आश्विन ०५ गते देखि हालको स्थानबाट करिब ७०० मिटर दक्षिण पश्चिमतर्फ सोही पालिकाको वडा नं. ७, हात्तीगौडा चोकमा स्थानान्तरण भएको हुँदा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४२७०८८७, ४२७००७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर
कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०५४-०१-१२ मा दर्ता भएको **इङ्गिता पब्लिक इन्भिष्टच्युट प्राइभेट लिमिटेड** (**प्रा.लि.नं. ६६५४**) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर
हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७८-०४-१९ मा दर्ता भएको **प्रा.लि दर्ता न.२६६६१६/०७८/०७९** को **तेजविनायक गणेश कृषि फार्म प्रा.लि.** नामक कम्पनीले दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझ्नु पर्ने दायित्व भए प्रमाणसहित हकदाबीको लागि ३५ दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमअनुसार खारेज गरिने छ ।

उठ्दै भाटभटेनी

आजबाट सञ्चालनमा आउँदै टंगाल स्टोर

■ सौर्य समाचार

काठमाडौँ । जेनजी आन्दोलनमा सबैभन्दा बढी क्षतिग्रस्त भएको व्यावसायिक प्रतिष्ठान भाटभटेनी सुपर मार्केटको टंगाल स्टोर आज (सोमबार) देखि पुनः सञ्चालनमा आउने भएको छ । आगजनीका कारण ठुलो क्षति बेहोरेको स्टोरको पुनर्निर्माण सम्पन्न भएपछि पुनः सञ्चालनमा ल्याउन लागिएको हो ।

भाटभटेनी सुपर मार्केटका प्रमुख सञ्चालन अधिकृत पानु पौडेलका अनुसार टंगाल स्टोर सोमबार बिहान १० बजेदेखि औपचारिक रूपमा ग्राहकका लागि खुला गरिने छ । कम्पनीका अनुसार जेनजी आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त भएका १२ वटा स्टोरमध्ये टंगालसहित १० वटा स्टोर पुनः सञ्चालनमा आइसकेका छन् । बाँकी दमक र हेटौंडास्थित स्टोरको पुनर्निर्माण पनि अन्तिम चरणमा पुगेको कम्पनीले जनाएको छ । ती दुवै स्टोरसमेत छिट्टै सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।

भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङले कठिन परिस्थितिका बीच पुनर्निर्माणमा सहयोग गर्ने ग्राहक, कर्मचारी तथा शुभेच्छुकप्रति आभार व्यक्त गरेका छन् । उनले आगजनीबाट स्टोरहरूमा ठुलो क्षति पुगे पनि त्यसलाई चुनौतीका रूपमा लिएर पुनः सञ्चालन गर्ने लक्ष्यका साथ अघि बढेको बताएका छन् । ‘मनमा पीडा थियो, आँखामा आँसु थियो, आँखै अगाडिका स्टोरमा आगो बलिरहेका थिए । तर पनि हामीले राज्यप्रतिको दायित्व बिर्सिएनौं,’ गुरुङले भनेका छन्, ‘हामी एउटा निष्कर्षमा पुग्यौं- खरानीबाट फेरि उठ्ने छौं ।’

आन्दोलनका क्रममा ठुलो भौतिक क्षति भए पनि कम्पनीले आफ्ना १० हजारभन्दा बढी कर्मचारीको रोजगारीलाई निरन्तरता दिएको जनाएको छ । कम्पनीका



अनुसार कठिन अवस्थामा समेत कर्मचारीलाई सेवाबाट अलग नगरिएको र गत वर्षको दसैँ बोनससमेत कटौती गरेको थिएन ।

‘हामीले कर्मचारीलाई रोजगारीबाट अलग गरेनौं, गत वर्षको दसैँ बोनससमेत कटौती नगरी उनीहरूको रोजगारीलाई निरन्तरता दियौं,’ गुरुङले विज्ञप्तिमार्फत भनेका छन् । कम्पनीले पुनर्निर्माणका क्रममा चौबीसै घण्टा खटिएका कर्मचारी तथा सहयोगीहरूप्रति पनि धन्यवाद व्यक्त गरेको छ । टंगाल स्टोर पुनः सञ्चालनमा आएसँगै ग्राहकलाई नियमित रूपमा आवश्यक वस्तु तथा सेवाहरू उपलब्ध गराउने कम्पनीले जनाएको छ ।

भाटभटेनीले आगामी दिनमा पनि ग्राहकलाई आधुनिक सुविधा, गुणस्तरीय सेवा र सहज किनमेलको वातावरण उपलब्ध गराउने प्रतिबद्धता दोहोऱ्याएको छ । पुनर्निर्माणमा साथ दिने ग्राहक, सहयोगी संस्था तथा शुभेच्छुक र प्रतिकूल परिस्थितिमा निरन्तर खटिएका कर्मचारीप्रति कम्पनीले विशेष आभार व्यक्त गरेको छ ।

देशभर चेन निर्माण गरेर व्यापारमा विविधीकरण गर्दै आएको भाटभटेनीमा साढे १० अर्ब बराबरको क्षति भएको थियो । भाटभटेनीले सन् २०२६ को अन्त्यसम्ममा क्षति भएका सबै स्टोरलाई पनि चरणबद्ध रूपमा पुनः सञ्चालनमा ल्याउने योजना बनाएको छ । सन् १९८४ मा मीनबहादुर गुरुङद्वारा स्थापना गरिएको भाटभटेनी सुपरमार्केट नेपालकै सबैभन्दा ठुलो खुद्रा व्यापारिक शृंखला बनेको छ । भाटभटेनीमा हाल २२ हजारभन्दा बढी कर्मचारी आबद्ध छन् ।

Selfie Chimney MRP - Sheet

Name	Brand	Model	Country of Origin	Unit	Currency	MRP
90cm Kitchen Chimney with Sensor	Selfie	CH-01	China	Pcs	NPR	32,000
90cm Kitchen Chimney with Sensor	Selfie	CH-02	China	Pcs	NPR	38,000
90cm Kitchen Chimney with Sensor	Selfie	CH-03	China	Pcs	NPR	44,000

Company Name: New Aayush Traders
VAT No. 302670747
Addresss: Tahachal, Kathmandu
Phone Number: 9841236978

Government of Nepal
Ministry of Infrastructure Development
Department of Urban Development and Building Construction
Basantapur New Town Project Office
Terhathum

Invitation for Bids

Invitation For Bids (IFB):- NTPO/BST/Works/NCB/02-2083/084
Date of publication: 2083/06/05 (Sep-21-2026)

1. Basantapur New Town Project Office, Terhathum invites Open Compeittive biddings From eligible Bidders for following works Under national competitive Sealed bid (Hard Copy) only from eligible bidders for following under national competitive bidding (NCB), & Single stage Double Envelope bidding Procedure will be followed.

S. N.	Contract No	Description of works	Minimum Bid security NPs.	Validity Period of Bid Security	Price of Bid DocumentNRs	Remarks
1.	NTPO/BST/ WORKS/NCB/ 02/01-2083/084	Upgrading of roads at Laligurans Municipality a) Approach road to Municipality b) Tute Homestay remaining road c) Lasune Bazar-ward office-firke Road Upgradation	9,00,000.00	Bid Validity (90)days & Bid security 120 days from deadline of Bid Submission	5,000.00	
2.	NTPO/BST/ WORKS/NCB/ 02/02-2083/084	Upgrading of road From Mid Hil highway to landfill site at Laligurans Municipality-01	14,00,000.00		5,000.00	

2. Date of Purchasing Submission and Opening of Bids

S.N.	Deadline of Bid Purchasing	Deadline of Bid Submission	Date of Bid opening	Employers Bank account for Purchasing Bid Document	Employers Bank account Details for Bid Security Cash Deposit
1.	2083/06/26 (Oct-12-2026 at 05 :00 PM)	2083/06/27 (Oct-13-2026 at 12:00 Noon)	2083/06/27 (Oct-13-2026 at 1:00 PM)	**Name of the Bank:** Nepal Bank Ltd, Basantapur,Terhathum **Name of Office:** Basantapur New Town Project Office, Terhathum **Account Name:** 00101000000001001001 **Office Code no:** 337060501 **Rajaswa (Revenue) Shirshak no:** 14229	**Name of the Bank:** Nepal Bank Limited,Terhathum Branch **Name of office Account:** District treasury Controller Office,Terhathum **Name of the office to Deposit:** Basantapur New Town Project Office, Terhathum **Office Code no:** 337060501 **Office Account no:** 05401000002003000001

3. A complete Set of Bidding document can be bought from Office of **Basantapur New Town Project Office, Terhathum.**
4. Pre-bid meeting shall be held at **Basantapur New Town project Office, Terhathum 2083/06/16, (Oct-2-2026) 12:00 Noon.**
5. The bidders must submit VAT, Pan, Firm Registration, Ijajat Patra (Renewal up to 2084 (ashar), Tax clearance Certificate 2081/082 and other document as stated in PPA, & Bid Document.
6. The bids will be opened in the presence of Bildders' representatives who choose to attend at the Office of **Basantapur New Town project Office, Terhathum.**
7. For Further information eligible bidders may visit **Basantapur New Town project Office, Terhathum** or Contact **026402122** or Email at **newtownbasantapur@gmail.com**

Project Chief

■ एसियाडको पहिलो दिन नेपालका लागि निराशाजनक

आशा गरिएकी एरिका पदकविहीन



■ सौर्य समाचार

काठमाडौं । जापानमा जारी २०औँ एसियाली खेलकुद (एसियाड) को पहिलो दिन आइतबार नेपाली खेलाडीका लागि निराशाजनक रह्यो । करातेमा पदकको आशा गरिएकी एरिका गुरुङ सेमिफाइनलमा पराजित हुँदै पदकविहीन भइन् । महिला ६८ केजीमाथि १९औँ संस्करणकी एरिका काजकिस्तानकी मोस्ताफासँग ८-७ ले चुकिन् । एरिका तिनै खेलाडी हुन्, जसले अघिल्लो संस्करणमा रजत पदक जितेकी थिइन् । यो पटक पनि उनीबाट पदकको आशा राखिएको थियो ।

करातेमा तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा एरिकासँगै अन्य २ नेपाली खेलाडी पनि पराजित भए । पुरुष ५५ केजीमुनिको तौल समूहमा राकेश मानन्धर मलेसिया कालिनन सुन्दरमसँग ९-१ अंकले पराजित भए । पुरुष ६० केजीमुनि मीनबहादुर तामाङ साउदी अरेबियाका अलबासार २ -० अंकले पराजित भए । कराते खेलाडी सानुमाया थिङ महिला व्यक्तिगत काता स्पर्धाको राउन्ड अफ १६ बाटै बाहिरिएकी छिन् ।

उसुको महिला ताइजिच्वान तथा ताइजिजियान विधामा नेपालकी सविता राईले १०औँ स्थानमा रहँदै प्रतियोगिता टुंग्याएकी छिन् । १२ जना सहभागी हुँदा नेपालकी सविता १०औँ स्थानमा रहिन् । उनले ९.१८३ अंक प्राप्त गरिन् ।

एसियाडअन्तर्गत टेबलटेनिसको टिम इभेन्टमा पनि नेपालले खराब सुरुआत गरेको छ । पुरुष टिम इभेन्टको पहिलो खेलमा नेपाल चाइनिज ताइपेईसँग ३-० ले पराजित भयो । त्यस्तै महिला टोलीलाई पनि चीनले हरायो । रुविन महर्जन, संयोग कपाली र गणञ्जय दाहालले नेपालको प्रतिनिधित्व गरेका थिए । समूह 'सी'को प्रतिस्पर्धामा रुविन लिन युन जुसँग ११-५, ११-१, ११-७ को नतिजामा पराजित भए । दोस्रो खेलमा संयोगको चुनौती हुङ जिन काइले ११-५, ११-५, ११-४ ले पन्छाए । मेन्स छाङछ्वानमा नेपाली खेलाडी विजय सिन्जालीले २१ मध्ये १९औँ स्थानमा रहँदै प्रतियोगिता सकाएका छन् ।

महिला भलिबलमा विजयी

प्रतियोगिताअन्तर्गत महिला भलिबलतर्फ भने नेपालले किर्गिस्तानलाई पराजित गरेको छ । नेपालले आइतबार क्लासिफिकेसन खेलमा किर्गिस्तानविरुद्ध ३-० को सोझो सेटमा जित निकालेको हो । नेपालले पहिलो सेट २५-२०, दोस्रो सेट २५-१६ तथा तेस्रो सेट २५-२० अंकले जितेको हो ।

नेपालले यसअघि समूह चरणका दुवै खेलमा पराजय बेहोरेको थियो । नेपाली टोली समूह चरणमा जापान र इन्डोनेसियासँग ३-० सोझो सेटमा पराजित भएको थियो । अब नेपालले नवौँदेखि १२औँ स्थानका लागि हङकङसँग खेल्नेछ । पदक जित्न होडबाट बाहिरिइसकेको नेपाली महिला टोली यसअघि समूह चरणमा जापान र इन्डोनेसियासँग सोझो सेटमा हारेको थियो ।

शनिबारदेखि औपचारिक रूपमा सुरु भएको एसियाडमा नेपालबाट २१ खेलमा १३५ जना खेलाडीले विभिन्न विधामा प्रतिस्पर्धा गरिरहेका छन् । नेपालबाट आर्चरी, एथलेटिक्स, ब्याडमिन्टन, बक्सिङ, क्रिकेट, साइक्लिङ, गल्फ, जुडो, कबड्डी, कराते, ज्याफ्टिङ एन्ड क्यानोइङ, स्केट एन्ड स्केट बोर्डिङ, सफ्ट टेनिस, स्क्वास, पौडी, टेबलटेनिस, तेक्वान्दो, टेनिस, भलिबल, कुस्ती र उसुमा खेलाडीले प्रतिस्पर्धा गर्दै छन् ।

यस पटक कबड्डीमा सबैभन्दा बढी २४ खेलाडी सहभागी छन् । क्रिकेटमा १५, भलिबलमा १२, उसुमा १०, करातेमा ८, बक्सिङमा ७ तथा जुडो, एथलेटिक्स, टेबलटेनिस र कुस्तीमा समान ६ खेलाडी सहभागी भइरहेका छन् । प्रतियोगितामा ४५ देशका ११ हजारभन्दा बढी खेलाडी सहभागी छन् । जापानमा यसअघि सन् १९५८ मा एसियाडको तेस्रो र १९९४ मा १२औँ संस्करण आयोजना भएको थियो भने २०औँ संस्करण जारी छ ।

पहिलो स्वर्ण जापानलाई, चीनकी १३ वर्षीया पौडीबाजको उत्कृष्ट प्रदर्शन

■ एजेन्सी



नागोया । आयोजक जापानले २० औँ एसियाली खेलकुद (एसियाड) को पहिलो स्वर्ण पदक जितेको छ । प्रतियोगिताको उद्घाटनका दिन चीनकी १३ वर्षीया पौडीबाज यु जिदीले पनि उत्कृष्ट प्रदर्शन गर्दै महिला २०० मिटर बटरफ्लाइको छनोट चरणमा सबैभन्दा छिटो समय निकालेकी छन् । जापानका ताकुमी होजोले नागोयाको गामागोरीमा भएको पुरुष व्यक्तिगत ट्रायथलनमा स्वर्ण जिते । चीनका झाङ सी रुईले रजत तथा काजाकिस्तानका अर्लान झानाबेले कास्य पदक जिते । होजोले ७५० मिटर पौडी, २० किलोमिटर साइकल यात्रा र ५ किलोमिटर दौड ५२ मिनेट ५६ सेकेन्डमा पूरा गरे ।

'यो हाम्रो पहिलो स्वर्ण पदक भएकाले यसले जापानी टोलीको मनोबल उच्च बनाएको छ,' ३० वर्षीय होजोले भने । उनको जितले सन् २०२८ को लस एन्जलस ओलम्पिकका लागि छनोटको अवसरसमेत सुनिश्चित गरेको छ । महिला व्यक्तिगत ट्रायथलनमा भने चीनकी लिन सिन्युले ५७ मिनेट ३७ सेकेन्डमा स्वर्ण जितिन् । उनकी हमवतन हुआङ आन्की दोस्रो तथा जापानकी मानामी हायासी तेस्रो भइन् ।

पौडीमा अर्को महिना १४ वर्ष पुग्न लागेकी यु जिदीले महिला २०० मिटर बटरफ्लाईको छनोट चरणमा आफ्नै देशकी चाङ मोहनलाई करिब २.७० सेकेन्डले पछि पारिन् । पुरुष १०० मिटर फ्रिस्टाइलमा विश्व कीर्तिमानधारी तथा ओलम्पिक च्याम्पियन चीनका पान झानलेले ४८.७ सेकेन्डमा सबैभन्दा छिटो समय निकाल्दै फाइनलमा स्थान बनाए । उनी दक्षिण कोरियाका ह्वाङ सन-वुभन्दा ०.६ सेकेन्डले मात्र अगाडि रहे ।

नागोयास्थित ३० हजार दर्शक क्षमताको रंगशालामा शनिबार जापानका सम्राट नारुहितोले प्रतियोगिताको औपचारिक उद्घाटन गरेका थिए । ४ अक्टोबरसम्म चल्ने प्रतियोगितामा ४६९ स्वर्ण पदकका लागि एसियाभरका खेलाडीले ४० भन्दा बढी खेलमा प्रतिस्पर्धा गर्नेछन् । आयोजकले खर्च घटाउन परम्परागत खेलाडी गाउँ निर्माण नगरेका कारण ११ हजारभन्दा बढी खेलाडी र ६ हजार अधिकारीको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । सहभागीहरू होटल, अस्थायी आवास तथा कोस्टा सेरेना क्रुज जहाजमा बसिरहेका छन् ।

यातायातको समस्याका कारण केही खेलाडी विमानस्थलमै अलपत्र परेको र अस्थायी आवासको गुणस्तरबारे टोलीहरूले गुनासो गरेको जनाइएको छ । यसैबीच, दक्षिण कोरियाली पुरुष हक्की टोलीको खेलअघि गल्तीले उत्तर कोरियाको राष्ट्रिय गान बजाइएको घटनामा आयोजकले माफी मागेको छ । प्रतियोगितामा एथलेटिक्स र पौडीजस्ता ओलम्पिकका प्रमुख खेलसँगै सेपाक ताक्रो र कबड्डीजस्ता क्षेत्रीय खेल पनि समावेश छन् ।

सिमरामा १० असोजदेखि अन्तर्राष्ट्रिय महिला फुटबल

■ अखिलेशकुमार यादव

सिमरा । बाराको सिमरामा १० असोजदेखि दोस्रो अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । सिमरा भेट्रान क्लबको आयोजनामा १० देखि १७ असोजसम्म सिमरा रंगशालामा रात्रीकालीन समयमा प्रतियोगिता सञ्चालन हुने भएको हो । प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक हरि चौधरीले नेपाल र भारतका गरी ८ टोलीको सहभागिता रहने जानकारी दिए ।

प्रतियोगितामा एपिएफ फुटबल क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, फेयर फुटबल क्लब धरान, कुर्साङ गोल्ड्स फुटबल क्लब दार्जिलिङ, बसन्तपुर युनाइटेड फुटबल क्लब चितवन, झारखण्ड स्टेट स्पोर्ट प्रमोसन सोसाइटी र आयोजक सिमरा भेट्रान क्लब सहभागी हुनेछन् । नेपालका विभागीय तथा क्लब टोलीसँगै भारतका टोलीको सहभागिता रहने भएकाले प्रतियोगिताले अन्तर्राष्ट्रिय स्वरूप पाएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले ५ लाख ११ हजार १११ रुपैयाँ तथा उपविजेताले २ लाख ५५ हजार ५५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको उत्कृष्ट खेलाडीले १ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । त्यसैगरी उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्ताले जनही १० हजार तथा प्रत्येक खेलको प्लेयर अफ द म्याचले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको अनुमानित लागत ५७ लाख रुपैयाँ रहेको संयोजक चौधरीले जानकारी दिए । प्रतियोगिताको मुख्य सहयोगीका रूपमा जीतपुरसिमरा उपमहानगर र २४ वटै वडा कार्यालय रहेका छन् । कार्यक्रममा जीतपुरसिमरा उपमहानगरका नगर उपप्रमुख भोलाप्रसाद अधिकारीले महिला सशक्तीकरणका लागि छोरीहरूको आत्मबल बढाउनुका साथै स्वास्थ्य र विकासमा खेलकुद महत्त्वपूर्ण रहेको बताए ।

उपमहानरले महिला तथा पुरुष खेलाडीलाई ग्रासरुटबाटै प्रवर्द्धन गर्ने र त्यसका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिरहेको उनले बताए । तर, भाषणमा प्रतिबद्धता व्यक्त गर्न जति सजिलो भए पनि व्यवहारमा कार्यान्वयन गर्न चुनौती हुने गरेको उनको भनाइ थियो । अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताका लागि उपमहानगरले उपलब्ध गराएको ८ लाख रुपैयाँ पर्याप्त नभएको उल्लेख गर्दै उपप्रमुख अधिकारीले सहयोग रकम बढाउने प्रयास गर्दा बजेट कटौती भएको बताए । थोरै बजेटमा पनि सिमरा भेट्रान क्लबले अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गरेर जीतपुरसिमरा उपमहानगरलाई चिनाउने प्रयास गर्नु प्रशंसनीय रहेको उनले उल्लेख गरे ।

यसैगरी जीतपुरसिमरा-१४ का वडाध्यक्ष चयन मगर गुरुङले महिलालाई खेलकुदमा प्रोत्साहन गर्न सिमरा भेट्रान क्लबले प्रतियोगितालाई निरन्तरता दिनु सकारात्मक भएको बताए । आफू पदमा रहे वा नरहे पनि यस्ता प्रतियोगिता सञ्चालनका लागि सक्दो सहयोग गर्ने उनले प्रतिबद्धता जनाए । क्लबका अध्यक्ष राजकपुर राउतको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा क्लबका पदाधिकारी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

Gauriganga Municipality
Office of the Municipal Executive
Sudurpaschim Pradesh, Nepal

Invitation For Sealed Quotations

Date of publication: September 21th, 2026 (2083-06-05)

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites sealed quotations for Various Jobs as Described.

S.N	Contract Number	Name of Project	Estimated amount without VAT & PS (Nrs)	Bid Security (Nrs)	Submission Date & Time	Opening Date & Time	Bid Security Validity Period
1.	GGM-WORKS/ SQ/ 02/2083/084	Supplying and Laying Works of Interlock Pavers Strength M35 or above (NS Standard) Blended Colors at Chaumala Multiple Campus	8,81,692.62/-	25,000/-	12:00 Hours on September 29th, 2026 (Asoj 13th, 2083)	1:00 PM on September 29th, 2026 (Asoj 13th, 2083)	75 days from the Deadline of Bid Submission
2.	GGM-WORKS/ SQ/ 03/2083/084	Road Blacktopping Works at ward 7 (Pachhlapatti) at Gauriganga Municipality	8,62,574.78/-	25,000/-	12:00 Hours on September 29th, 2026 (Asoj 13th, 2083)	1:00 PM on September 29th, 2026 (Asoj 13th, 2083)	75 days from the Deadline of Bid Submission
3.	GGM-WORKS/ SQ/ 04/2083/084	Durga Pravi School Boundary wall Construction works at ward 8 Gauriganga	7,02008.79/-	20,000/-	12:00 Hours on September 29th, 2026 (Asoj 13th, 2083)	1:00 PM on September 29th, 2026 (Asoj 13th, 2083)	75 days from the Deadline of Bid Submission
4.	GGM-WORKS/ SQ/ 05/2083/084	Paharam Bhulko Ghar dekhi Udasi Jane Sadak ma Culvert Nirman Ra Pashupati Ma.Vi. Pachhadi Chanaura Kulo ma Culvert Nirman Gauriganga-1, Kailali	16,71,109.98/-	40,000/-	12:00 Hours on September 29th, 2026 (Asoj 13th, 2083)	1:00 PM on September 29th, 2026 (Asoj 13th, 2083)	75 days from the Deadline of Bid Submission
5.	GGM-WORKS/ SQ/ 06/2083/084	Boundary wall Construction Works at Ward 5 Gauriganga Municipality	17,35,458.68 /-	50,000/-	12:00 Hours on September 29th, 2026 (Asoj 13th, 2083)	1:00 PM on September 29th, 2026 (Asoj 13th, 2083)	75 days from the Deadline of Bid Submission

2. A complete set of Bidding Documents may be purchased from the office Gauriganga Municipality, Kailali by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 during office hours. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali, Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.com, website www.gaurigangamun.gov.np

Name of the Bank : NIC ASIA Bank Chaumala Kailali
Office Code no. :1126671
Office Account Name. : Dhaurati Khata,
Office Account Name. : Rajaswa Khata,
Name of Office : Gauriganga Municipality
Rajaswa Shrishak no : 14229
Account no Dharauti . : 71CA500982524004
Account no Rajaswa : 0712050028062002

Chief Administrative Officer

स्टेजमै टोपी र ज्याकेट खोलेर सलमानले भने - गर न त ट्रोल !

■ सौर्य समाचार



काठमाडौं । बलिउड अभिनेता सलमान खानले आफ्नो तौल र रूपरङलाई लिएर भइरहेको अनलाइन ट्रोलिङको कडा जबाफ दिएका छन् । 'बिग बोस २०' को आगामी 'विकेन्ड का वार' एपिसोडमा उनी ट्रोलरहरूमाथि आक्रोशित हुँदै खुलेर प्रस्तुत भएका हुन् । शनिबारको एपिसोडअघि सार्वजनिक गरिएको प्रोमोमा सलमानले आफूलाई 'भाइ मोटा हो गया है' भन्दै ट्रोल गरिएको प्रसंग उठाएका छन् । त्यसपछि उनले आक्रोशित हुँदै भनेका छन्, 'कर लो ना ट्रोल, ये लो (गर न त ट्रोल, यो लेउ) !'

प्रोमोमा सलमानले बिग बोसको स्टेजमै आफ्नो टोपी र ज्याकेट उतार्दै आफूलाई लिएर भइरहेको ट्रोलिङको जबाफ दिएको देखिन्छ । उनी घरभित्रका प्रतिस्पर्धीहरूसँग पनि कडा रूपमा प्रस्तुत भएको प्रोमोमा देखाइएको छ । 'बिग बोस २०' सेप्टेम्बर ६ देखि प्रसारण भइरहेको छ । कार्यक्रम सुरु भएयता बिग बोसको घरभित्र २ स्पष्ट समूह बनेका छन् ।

पहिलो समूहमा कनिका मान, अरिश्फा खान, माही विज, अमन गान्धी, इशा रिखी, उदिति सिंह, गुल्लु र काजी तौकिर छन् । दोस्रो समूहमा यङ डिएसए, अम्रपाली दुबे, स्काउटओपी, रोहेद खान, लभ गिल, आसिफ खान र मेरी कोम रहेका छन् । चलचित्रतर्फ सलमान अब अपूर्व लाखिया निर्देशित 'मातृभूमि' मा देखिनेछन् । यसअघि 'ब्याटल अफ गलवान' शीर्षकमा निर्माण भइरहेको उक्त फिल्म अप्रिलमा प्रदर्शन गर्ने तयारी भए पनि प्रदर्शन मिति पछि सारिएको थियो । फिल्मको नयाँ प्रदर्शन मिति भने अझै घोषणा गरिएको छैन ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोन: ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com । मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर